अन्तिम लेखापरीक्षण प्रतिवेदन

बलेफी गाउँपालिका
सिन्धुपाल्चोक

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

बलेफी गाउँपालिका

सिन्धुपाल्चोक

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

बलेफी गाउँपालिका

सिन्धुपाल्चोक

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, बिश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरूजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रूपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
बागमति प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१
च.नं. १०३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू ,
बलेफी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बलेफी, सिन्धुपाल्चोक ।

१. **कैफियत सहितको राय** – हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ४ करोड ७९ लाख ५४ हजार बेरूजू देखिएको छ । सो सम्बन्धमा रू ३ करोड ७० लाख १९ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरूजु असुल गर्नुपर्ने रू.२४ लाख १५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२२ लाख २७ हजार र नियमित गर्नुपर्ने रू.६२ लाख ९४ हजार समेत रू. १ करोड ९ लाख ३६ हजार रहेको छ । यस गाउँपालिकाको गतवर्ष सम्म रू.१४ करोड ७८ लाख ९६ हजार बेरूजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरूजू रू.१५ करोड ८८ लाख ३२ हजार रहेको छ । यस गाउँपालिकाको बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरूजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन

र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा —** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्त प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तले उच्च स्तरको आश्वस्त प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(शंकर प्रसाद पन्थी)
नायब महालेखापरीक्षक

बलेफी गाउँपालिका,
सिन्धुपाल्चोक

१. चालु वर्ष २०७९।८० को बेरूजु

बेरूजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

प्रारम्भिक बेरूजु			प्रतिक्रियाबाट फस्र्यौट			बाँकी बेरूजु			बेरूजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
४९	१७२	४७९५४	०	४४	३७०१९	४९	१२८	१०९३६	२४१५	६२९४	२२२७	०	०	८५२१	०

२. अद्यावधिक बेरूजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्र्यौट	बाँकी बेरूजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरूजु	यो वर्षको बेरूजु	कुल बेरूजु बाँकी
सिन्धुपाल्चोक	१४७८९६	-	-	१४७८९६	-	१०९३६	१५८८३२

३. बेरूजु सम्परीक्षणको विवरण

(रू. हजारमा)

क्र. सं	आर्थिक वर्ष	बेरूजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९।८० (चालु वर्षको)	२०	नियमित भई आएको	३०५३१
		२४	प्रमाण पेश गरेको	९०८
		३२	नियमित भई आएको	१४८
		३३	असूल गरी बेरूजू दाखिला गरेको	९
		३६	असूल गरी बेरूजू दाखिला गरेको	४
		३९.१	असूल गरी बेरूजू दाखिला गरेको	७३
		३९.२	असूल गरी बेरूजू दाखिला गरेको	१०२
		५७	नियमित भई आएको	३७८३
		५८	नियमित भई आएको	६९०
		५९	नियमित भई आएको	२८७
		६१	प्रमाण पेश गरेको	१००
		६५	असूल गरी बेरूजू दाखिला गरेको	१
		६६	असूल गरी बेरूजू दाखिला गरेको	३
		६७	असूल गरी बेरूजू दाखिला गरेको	२
		६८	असूल गरी बेरूजू दाखिला गरेको	४६
		६९	नियमित भई आएको	२१२
		७५	असूल गरी बेरूजू दाखिला गरेको	४१
		७६	असूल गरी बेरूजू दाखिला गरेको	३३
		८६	प्रमाण पेश गरेको	२०
	कुल जम्मा			**३७०१९**

गाउँपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

१ **परिचय**

(क) कार्यालय परिचय - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार संचालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चत गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल ६१.६० वर्ग किलोमिटर तथा १७०८५ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।६।२ देखि २०८०।६।१८ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - पालिकाको प्राप्ति तथा भुक्तानीको संक्षिप्त विवरण अनुसूची -१ मा संलग्न छ ।
(ज) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ७३,४२०/-असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	विवरण	रकम रु.
१	दैनिक भ्रमण भत्ता तथा बैठक भत्तामा दोहोरो परेको लगायत	७३४२०

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकिकृत आय-व्यय विवरण** - पालिकाले पेश गरेको आर्थिक वर्ष २०७९/८० को एकिकृत आय-व्यय विवरण देहाय अनुसार रहेको छः

सि.नं.	आयतर्फ		सि.नं.	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	गतवर्षको जिम्मेवारी		१	गाउँ कार्यपालिका चालु खर्च	१०५७५९४६३/५
	धरौटी खाता	८९८२४६९/-	२	गाउँ कार्यपालिका पुँजीगत खर्च	७८९७३२०९/५८
	विभाज्य कोष खाता	६३४३२२/-	३	संघीय सरकारबाट हस्तान्तरिक कार्यक्रम चालु	१७६६५८८६०/-
	बाँडफाँडबाट प्राप्त राजस्व खाता	८०००/-	४	संघीय सरकारबाट हस्तान्तरिक कार्यक्रम पुँजीगत	५२८९९५४२/-
	सञ्चित कोष खाता	0.00	५	प्रदेश सरकारबाट हस्तान्तरिक कार्यक्रम चालु	५६६६२१०/-
	चालु खर्च खाता	१००५१०९७/७६	६	प्रदेश सरकारबाट हस्तान्तरिक कार्यक्रम पुँजीगत	४७६९९६६६/-
	पुँजिगत खर्च खाता	३००१२५५५/५०	७	संघीय सरकार सशर्त अनुदान फिर्ता	१८०८४५१३/-
	आन्तरिक राजश्व खाता मौज्दात	५७२४७०२/७९	८	प्रदेश सरकार सशर्त अनुदान फिर्ता	१६९८८१५१/-
	प्रकोष व्यवस्थापन कोष खाता मौज्दात	६०८१५७/-	९	विविध खर्च खाताबाट खर्च	३८८६६७५/-
	आकस्मिक कोष खाता मौज्दात	४८३३४५/-	१०	प्रकोप व्यवस्थापन कोष खाता खर्च	७५८९५२/-
	विविध खर्च खाता मौज्दात	९४८०५७५/५५	११	अन्तरसरकारी अख्तियारी तर्फ	
	पुँजीगत खर्च खाता जोर वर्ष मौज्दात	६९००००/-		सामाजिक सुरक्षा	११२७०९४७६/-
	मर्मत सम्भार कोष खाता मौज्दात	९३६०१/-		स्थानीय तह प्रशासकीय भवन पुँजीगत	९९५३०३२/-
२	राजश्व (आन्तरिक आय)			एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	३९५५५४५२/९५

	आन्तरिक आय	७०९९७३५/५२	१२	विभाज्य कोष फिर्ता	१४९७१८/५७
	विभाज्य कोष खाता	४६४१७५/-	१३	धरौटी फिर्ता	२९१२६८६/-
३	धरौटी आम्दानी	८८८८३८१/-	१४	बैंक मौज्दात धरौटी खाता	१४९५८१६४/-
४	वित्तीय हस्तान्तरण नेपाल सरकार		१५	बैंक मौज्दात विभाज्य कोष खाता	९४८७७८/४३
	वित्तीय समानीकरण अनुदान	१२१८२२५००/-	१६	बैंक मौज्दात बाँडफाँडबाट प्राप्त राजश्व खाता	0.00
	सशर्त अनुदान	२०४५३२४००/-	१७	बैंक मौज्दात सञ्चित कोष खाता	२९६९२१४/७७
	विशेष अनुदान	२६००००००/-	१८	बैंक मौज्दात चालु खर्च खाता जोर वर्ष	२४८९०३६४/३३
	समपुरक अनुदान	११००००००/-	१९	बैंक मौज्दात पुँजीगत खर्च खाता जोर वर्ष	२०९७५०९०/९५
५	वित्तीय हस्तान्तरण प्रदेश सरकार		२०	बैंक मौज्दात आन्तरिक राजश्व खाता	३९६९३८७/६६
	वित्तीय समानीकरण अनुदान	६३८७०००/-	२१	बैंक मौज्दात प्रकोप व्यवस्थापन कोष खाता	१२४९२०५/-
	सशर्त अनुदान	२२०२९०००/-	२२	बैंक मौज्दात आकस्मिक कोष खाता	४८३३४५/-
	समपुरक अनुदान	२९९३६०००/-	२३	बैंक मौज्दात विविध खर्च खाता	१३२८३४२९/८०
	विशेष अनुदान	३५०००००/-	२४	बैंक मौज्दात विविध कोष खाता (मर्मत सम्भार)	१०२७२१/-
६	विविध खर्च खाता कोष आम्दानी	९१२०/-	२५	बैंक मौज्दात आन्तरिक अनुदान खाता	०/००
७	विविध खर्च खाता आम्दानी				
	सडक बोर्ड	२५०००००/-			
	अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम	३३७५०००/-			
	कर्मचारी कल्याण कोष अन्य	८९५७८१/-			

८	राजश्व बाँडफाँड खातामा जम्मा राजश्व	७९०५९४२९/४७			
९	विविध आय मर्मत सम्भार	०/००			
१०	अन्तरसरकारी अख्तियारी तर्फ				
	सामाजिक सुरक्षा	११२७०९४७६/-			
	स्थानीय तह प्रशासकीय भवन पुँजीगत	९९५३०३२/-			
	एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	३९५५५४५२/९५			
	जम्मा	**७५६४८५३०८/५४**		**जम्मा**	**७५६४८५३०८/५४**

३ **वित्तीय प्रतिवेदन - वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११२७०९४७६।०० एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३९५५५४५२।९५ र अन्य रु.९९५३०३२।०० समेत गरी रु.१६२२१७९६०.९५ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.२ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.७,२९,९७,५७३.८५ मौज्दात रहेकोमा यो वर्ष रु.६,६७,६८,८२५.६० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६२,२८,७४८.२५ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने ।

४	**खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१०४५७०१३.५२, राजश्व बाँडफाँड र अनुदानबाट रु. ४९७६९३२६६.००आम्दानी भएकोमा चालुतर्फ रु.२८९२३४६६९. ३४र पूँजिगततर्फ रु.१७९५७२४१७.५८ समेत रु.४६८८०७०८६.९२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.२३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६७६३७३३.०० खर्च भएको छ जुन आन्तरिक आयको १३.२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१.६९ प्रतिशत चालु-प्रतिशत रु.३८.३ मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

५	**बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६	**वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१७९५७२४१७.५८ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

७	**योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १४२ वडाको लागि वडागत र पालिकास्तरका कुल ११८ योजनामा वजेट विनियोजन गरेको छ।

क. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	११८	०	३	११५
२.	वडास्तरीय	१४२	०	८	१३४

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २४६ योजनामात्र कार्यान्वयन भई १४ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

८ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- · पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास लक्ष्य २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।
- बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(२) बमोजिम स्थानीय सेवाका कर्मचारीको तलब भत्ता प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र भुक्तानी गर्नुपर्नेमा तलबी प्रतिवेदन पारित वेगर खर्च लेखेको पाइयो ।
- बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ८(१) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले सेवाका पदहरुको कार्य विवरण अनुसूची -५ बमोजिमको ढाँचामा तयार गरी लागू गर्नु पर्नेमा सो गरेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु १० लाख भन्दा माथी लागत अनुमान भएको निर्माण कार्यको बिमा गराउनुपर्नेमा केही योजनाको बिमा गराएको देखिएन ।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक स्थायी प्राविधिक कर्मचारीको अभाव रहेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्ने अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई लेखा सिमित गठन गर्न सिक्ने व्यवस्था भएकोमा पालिकाले हालसम्मपनि लेखा सिमित गठन तथा सञ्चालन सम्बन्धि नियमावली बनाएकोछैन ।

अतः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

९ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	३,२६,६१,४००.००	१,६९,३४,०२३.००	३.६१
२	पूर्वाधार विकास	१९,४४,२०,६८८.००	१३,४६,६७,०८१.५८	२८.७३
३	सामाजिक विकास	२५,६१,०३,२००.००	२२,४९,३९,५९०.००	४७.९८

४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	२,३९,३०,१००.००	२,०२,९९,७१६.००	४.३३
५	अन्य कार्यालय संचालन तथा प्रशासनिक	८,३२,०७,४६०.००	७,१९,६६,६७६.३४	१५.३५
जम्मा			**४६८८०७०८६.९२**	**१००**

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४७.९८ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ३.६१ प्रतिशत रहेको छ ।

१० **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४७०३२७०५.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०७९।८० मा रु.१०४५७०१३.५२ अर्थात अनुमान भन्दा ७७.७७ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

११ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै यकिन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

१२ **कानून निर्माण र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २१ वटा ऐन, ३ वटा नियमावली, १९ कार्यविधि लगायत ४३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

१३ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष २४ विवाद दर्ता भएकोमा १६ वटा मात्र फस्र्यौट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१४ **क्षेत्राधिकार बाहिर गई कानून निर्माण** - नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ

सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्यवस्था छ । त्यसैगरी संविधानको अनुसूची- ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तर बलेफी गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा ८० को सजाय अन्तर्गत ८० (१)(क) देखि (ङ) सम्म विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय हुने व्यवस्था गरेको छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको मात्र हुने देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

१५ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ६७ वटासहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१६ **स्वतः पद रिक्त** - बाग्मती प्रदेशको स्थानीय सेवाको (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा यस ऐनमा व्यवस्था भए देखि बाहेक अन्य तरिकाबाट पदपूर्ती गर्न नपाईने तथा दफा १५(२) अनुसार उपदफा (१) विपरित गरिएको नियुक्ती स्वतः बदर भएको मानिने उल्लेख छ । तर पालिकाले प्रदेश कानून आए पश्चात पनि आर्थिक वर्ष २०८०/८१ का लागि समेत तोकिए बमोजिम रिक्त पदको सूचना नपठाई १ वर्ष अवधिका लागि करारमा नियुक्त गरेको कार्य नियमसम्वत् नदेखिनुका साथै उक्त करार सम्झौता स्वतः निष्क्रिय हुने देखिन्छ । साथै स्वतः बदर हुने करार सम्झौताका आधारमा तलब भत्ता भुक्तानी हुन जाने अवस्था तर्फ समेत पालिकाले ध्यान दिनु पर्दछ ।

१७ **तलब भत्ता बढी भुक्तानी** - शिक्षा नियमावली, २०५९ को नियम १०० अनुसार शिक्षकले आफ्नो पदमा बहाल गरेको मितिदेखि नेपाल सरकारले तोकिदिए बमोजिमको तलब र भत्ता पाउने व्यवस्था छ । निम्न विद्यालयका निम्न लिखित शिक्षकलाई बहाल भएको अवधिदेखिको तलब भत्ता भुक्तानी दिनुपर्नेमा बहाल भएको अवधि भन्दा बढी हुने गरी तलब भत्ता भुक्तानी गरेकोले बढी भुक्तानी भएको तलबभत्ता असुल गरी दाखिला गर्नुपर्ने, रू.

शिक्षकको नाम	विद्यालयको नाम	अवकाश/बहाल मिति	मासिक तलब भत्ता (क.सं.कोष समेत)	भुक्तानी हुनुपर्ने तलब भत्ता	भुक्तानी भएको तलब भत्ता	बढी भुक्तानी
शेषनाथ पौडेल	कूपकन्या आ वि	२०८०।१।६ (२ महिना २५ दिन)	३६७३०	१०४०६८	११०१९०	६१२२
सुरेन्द्र गौतम (करार)	आनन्द मा वि	२०७९।५।१६ (१ महिना १५ दिन)	४५६८९	६८५३४	१२४२९४	५५७६०

पुण्य ब.थापा (करार)	फुल्पिङकोट मा वि	२०७९।४।२६ (२ महिना ५ दिन)	३६७३०	७९५८२	११३९७८	३४३९६
		जम्मा				**९६,२७८**

असुल गर्नुपर्ने	९६,२७८

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रू.२०,५०३/-मात्र सम्परीक्षण गरिएको ।)

१८ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी** - तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता भुक्तानी: वाग्मती प्रदेशको स्थानीय सेवाको (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । पालिकाले यस वर्ष स्वास्थ्य तर्फका २४ जना स्थायी कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रु.१,१७,०४,५७८।- तलब भत्ता भुक्तानी गरेको छ । कानूनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

१९ **तलबी प्रतिवेदन** - वाग्मती प्रदेशको स्थानीय सेवाको (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी४७ जना स्थायी कर्मचारीलाई रु.२,१८,७९,७२६/- तलब भुक्तानी गरेको छ भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०८०/८१ को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन । अतः उल्लेखित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

२० **कर्मचारी करार —**

.... (प्रारम्भिक प्रतिवेदन उपर गाउँसभाबाट नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट रु.३,०५,३१,३९०/- सम्परीक्षण गरिएको ।)

२१ **दरबन्दी बाहिर करार नियुक्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ अनुसार पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थायी प्रकृतिका काममा लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी तयार गर्नुपर्ने साथै सेवा करारबाट पदपूर्ति गरिने स्वीकृत दरबन्दीका पदमा बाहेक अन्य पदमा सेवा करारबाट नियुक्ति गर्न नपाईने व्यवस्था छ । पालिकाले यस वर्ष स्वीकृत दरबन्दी भन्दा बाहेक पद सिर्जना गरी २२ जना कर्मचारी सेवा करारबाट नियुक्ति गरी रु.५७७१४३०।- तलब भत्ता भुक्तानी गरेको कार्य अनियमित देखिएको, रु.

अनियमित भएको	५७,७१,४३०

२२ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था,

काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२३ गाउँकार्यपालिकाको भवन निर्माण कार्य

२३.१ गाउँकार्यपालिकाको प्रशासकीय भवन निर्माण**(**भवन,क्वाटर तथा क्यान्टिन**)** ठेक्का नं ०९।२०७७।७८ को लागत अनुमान रु.१०८९१६६६९।८६ स्वीकृत गरी लागत अनुमान भन्दा ३९.२१ प्रतिशत घटी रु.५९६७७५७३।८ बराबरको कार्य ठेक्का प्रक्रिया मार्फत २०८०।१।३० सम्म निर्माण कार्यसम्पन्न गर्ने गरी सि एम कन्स्ट्रक्सन प्रालिसँग २०७८।२।११ मा सम्झौता गरेको देखियो। यस सम्बन्धमा देखिएको ब्यहोरा निम्न छनः

२३.२ सार्वजनिक खरिद ऐन**,** २०६३ को दफा २७**(**४**)** मा न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताले सम्झौता गर्दा लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अंकको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अंकको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत रकम दाखिला गर्नुपर्ने व्यवस्था छ ।साथै नियम ११०**(**४**)** मा कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ ।पालिकाले उक्त निर्माण कार्यको लागि मिति २०७९।१२।१४ को निर्णयानुसार २०८०।१।३० देखि लागु हुने गरी २०८१।१।२० सम्म म्याद थप गरेकोमा सो अनुरुप कार्यसम्पादन जमानत **(**१४६८८०००**)**को म्याद २०८१।१।३० मात्र रहेकोमा म्याद थप गरेको देखिएन ।

२३.३ छैठौं रनिङ्ग बिलसम्म २०७८।७९ सम्म रु.३२८३७९२६।७ भुक्तानी भएकोमा यस वर्ष सातौं रनिङ्ग बिल**(**१७०-२०७९।१२।१३**)** मार्फत रु.१००५६७४२।००**,** आठौं रनिङ्ग बिल**(**४-२०८०।२।३१**)** मार्फत रु.२५४९०३२।०० र नवौं रनिङ्ग बिल**(**६-२०८०।३।२४**)**मार्फत रु.२५०००००।०० समेत यस आर्थिक वर्ष सम्म रु.४७९४३७३६।७ भुक्तानी भएकोमा पालिकाले उपलब्ध गराएको विवरण अनुसार निर्माण कार्यको वित्तीयतथा भौतिक प्रगति क्रमश: ८९.१५ र ९२.४ प्रतिशत देखिन्छ ।स्थलगत अवलोकन गर्दा भवनको पछाडि भागको **lower tie beam 9" (inch)** र **under lower tie beam 1'9"(1 feet 9 inch)** समेत **2'6"(2 feet 6 inch)** को दुइ हात्तीपाइलेको **15" (inch)** सम्मको माटो फिलिङ्ग भत्किइ सकेको साथै अन्य हातिपाइलेको समेत माटो फिलिङ्ग भत्किने क्रममा रहेको देखियो । साथै भवनको पछाडि ३.७ मिटर दूरीमा लगाइएको स्टोन मेसिनरीवालमा ९१ फिट भत्किइ सकेको देखियो ।भवन निर्माण गर्नु अघि **Ojha Engineering Service Solutions** परामर्शदाता मार्फत **Soil test** गराइएकोमा **Clay mixed gravel with pebbles, cobbles and boulder(** माटो मिसिएको ग्राभेल**) Report** प्राप्त भएको देखियो ।सार्वजनिक सम्पतिको निर्माण गर्दा सो स्थानमा उपयुक्त संरचना भन्दा फरक संरचना निर्माणको लागि माटो परिक्षणको प्रतिवेदन दिने परामर्शदाता लगायतका पदाधिकारीलाई जिम्मेवार बनाई निर्मित संरचनाको संरक्षण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

Soil test report को विवरण निम्नानुसार छन् **:**

1st Borehole	0-3 m	Clay mixed gravel with pebbles, cobbles and boulder	3-15m	Clay mixed gravel with pebbles, cobbles and boulder
2nd Borehole	0-2m	Clay mixed gravel with pebbles, cobbles and boulder	3-15m	Clay mixed gravel with pebbles, cobbles and boulder
3rd Borehole	0-3m	Clay mixed gravel with pebbles, cobbles and boulder	3-15m	Clay mixed gravel with pebbles, cobbles and boulder

२४ **कार्यसम्पादन जमानत** -

✓ .... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१२ को निर्णयबाट रु.९,०८,०००/- सम्परीक्षण गरिएको ।)

२५ **कार्यसम्पन्न प्रतिवेदनभन्दा कम बिलभरपाइ** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(११) र ९७(६) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न भएपछि सम्बन्धित प्राविधिकबाट जाँचपास गराउने र हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन, बिलभरपाई र खर्च प्रमाणित गर्ने तथा अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका योजनाहरुमा कार्यसम्पन्न प्रतिवेदनमा मूल्यांकन गरेको रकम भन्दा उपभोक्ता समितिले निर्माण सामाग्री कम खरिद गरेको बिलभरपाइ पेश गरेको देखियो । जसले गर्दा तोकिएको गुणस्तरमा कार्य भएको सम्बन्धमा यकिन हुन सक्ने अवस्था देखिएन । कार्यसम्पन्न प्रतिवेदन मूल्यांकन भन्दा कम बिल पेश भएको रकम असुल हुनुपर्ने रू

गो भौ र मिति	योजना/उपभोक्ता समिति	कार्यसम्पन्न	विवरण	सामाग्री	कार्यसम्पन्न अनुसार	खरिद बिलभरपाई	दर रु.	बढी भुक्तानी
१०-२०७९।७।१४	बलेफी मा वि भवन निर्माण उपभोक्ता समिति	१५५६१५४	पी सी सी १:१.५:३, ब्रिक मेसिनरी १:६	सिमेन्ट	७०.६५ घ.मि .*८=५६५ ब्याग, ५३.४६ घ.मि.*१.४= ७४ **जम्मा=६३९**	५३८ ब्याग	७४०	७५४८०
			पी सी सी १:१.५:३, ब्रिक मेसिनरी १:६	बालुवा	७०.६५ घ.मि. *०.४३=३०.३८ घ मि, ५३.४६ घ.मि.*०.३=१६.३८ घ मि जम्मा = ४६ घ मि	४० घ मि	२०००	१२०००
			पी सी सी १:१.५:३, ब्रिक मेसिनरी १:६	गिटी	७०.६५ घ.मि. *०.८६=६०	३२ घ मि	१२५०	३५०००

३७-२०७९।९।२४	तिनकुने आपबोटे मोड ढलान उपभोक्ता समिति	३८८०००	आ सी सी M15	सिमेन्ट	२७.२० घ मि *५.५१=१४९	१०५ब्याग ओ पि सि	७५०	३३०००
१४६-२०७९।११।१७	तिसमुरे सिचाइ निर्माण उपभोक्ता समिति	१९४०००	पी सी सी M15, , आ सी सी १:२:४	सिमेन्ट	५.२८ घ मि *५.५१=२९.०९ ब्याग ६.७२घ मि *५.५१=३७.०२ ७ ब्याग, **जम्मा=६६ ब्याग**	३२ ब्याग	८००	२५६००
					जम्मा			**१८१०८०**

असुल गर्नुपर्ने	१,८१,०८०

२६ **परामर्स तथा डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम
जलबिरे एकीकृत बस्ती विकास योजना निर्माण	एक्सप्लोरर जियोफिजिकल कन्सल्टेन्टस लि	१७५००००	१७४४७२०
सडक यातायात गुरुयोजना	थ्रेसहोल्ड इन्जिनियरिङ्ग सोलुसन प्रालि	१२५००००	१२४७३००
कपिलेश्वर वृद्धाश्रम निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन	इन्जिनियरिङ्ग एण्ड एजुकेशनल सर्भिसेज प्रालि	७०००००	६९६६४५
गडीडाँडा संरक्षण तथा बुद्धपार्क निर्माण	एक्स्पोनेन्ट इन्जिनियरिङ्ग सोलुसन प्रालि	५०००००	४९७२००
ठुलो छाँगा क्यानोनिङ तथा रक क्लाईम्बङ सभाब्यता अध्ययन प्रतिवेदन	शेर्पा हिमालयन वण्डरर ट्रेक्स एण्ड एक्सपेडिसन्स प्रालि	१०००००	९७०५५
Spatial Based यन आवधिक योजना निर्माण	प्लाटफर्म इन्जिनियरिङ कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रालि	१९०००००	१८७१८००
जम्मा			**६१५४७२०**

पालिकाले यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग

नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

२७ **प्राविधिक बिल र कार्यसम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

२८ **हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

गोभौनं./मिति	**उपभोक्ता समितिको नाम**	**कामको विवरण**	**प्रयोग गरेको हेभी उपकरण**	**हेभी उपकरणमा भएको खर्च**
४१-२०७९।९।२४	मांखा सानु बुवांसे सडक उपभोक्ता समिति	सडक मर्मत	जे सि बि	३८८०००
४९-२०७९।९।२६	सडक सरसफाइ उपभोक्ता समिति	सडक निर्माण	जे सि बि	१४५०००
८६-२०७९।१०।२९	बिसौनागाउँ मच्छे पुछार निर्माण उपभोक्ता समिति	सडक मर्मत	जे सि बि	४८५०००
१७१-२०७९।१०।२९	जोगीडाँडा अमिला खरेन्द्र पानी माङखा उपभोक्ता समिति	सडक मर्मत	जे सि बि	३८८०००
११२-२०७९।११।४	डाँडा कटेरी चिलाउने सडक नयाँ ट्रयाक उपभोक्ता समिति	सडक निर्माण	जे सि बि	२९१०००
१२५-२०७९।११।४	तकर्पु गोगने डाँडाकटेरी सडक उपभोक्ता समिति	सडक निर्माण	जे सि बि	२९१०००

२७७-२०८०।२।७	भुमेयान ठूलचौर कृषि सडक निर्माण उपभोक्ता समिति	कृषि सडक	जे सि बि	१५८२००
१६०-२०७९।१२।१२	खिर्लाडाँडा बनसरे न्यौपानेडाँडा सडक निर्माण उपभोक्ता समिति	सडक मर्मत	जे सि बि	२४२५००
२७१-२०८०।२।३१	जगँरे बिगटे अदमारा आहालडाँडा उपभोक्ता समिति	सडक मर्मत	जे सि बि	१९४०००
२९१-२०८०।३।८	स्वाँरा अम्बाछहारी कृषि सडक निर्माण उपभोक्ता समिति	सडक मर्मत	जे सि बि	१९४०००

२९ **उपभोक्ता समितिको कार्यको बिमा** - सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ११२ ३(क) मा नियम ९७क बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट २० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बिमा वापतको खर्च ब्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले उपनियम१ बमोजिम बिमा गराउनुपर्ने तथा बिमा गराउने कार्यको लागि सम्बन्धित सार्वजनिक निकायले सहजीकरण गरीदिनुपर्ने व्यवस्था छ ।नमुना छनौटको आधारमा परीक्षण गर्दा रु.२० लाख भन्दा बढी भएको कुनै पनि योजनामा बिमा गरिएको छैन ।नियमावलीमा व्यवस्था भए बमोजिम उपभोक्ता समितिद्धारा गरिने निर्माण कार्यमा बिमा गराउने कार्यको लागि कार्यालयले आवश्यक सहजीकरण गरी अनिवार्य रुपमा बिमा गराउनु पर्दछ ।

३० **अमानत मार्फत ढुङ्गा गिट्टि बिक्रि र राजस्व** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले नदिजन्य पदार्थ विक्रिकालागी ठेक्का आह्वान गर्दा ठेक्का नलागेकोले कार्यपालिकाको निर्णय अनुसार क्षेत्रबाट अमानतमा विक्रि राजश्व असुल गर्न व्यक्ति परिचालन गरि नगदि रसिद मार्फत रु. ४२६०६० राजस्व संकलन गरेको मध्ये हुने मु अ कर रु ५५३८७।८० सम्बन्धित राजश्व खाता दाखिला नगरेकोले राजश्व शीर्षकमा दाखिला गर्नु पर्ने, रू.

प्रमाण पेश नगरेको	**५५,३८७**

३१ **पदाधिकारी भत्ता** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा १०(१) मा पदाधिकारी, सदस्य र सभाका सदस्यले यस ऐन बमोजिम पाउने सुविधा, भत्ता तथा अन्य सुविधा वापतको रकम कार्यालयले सम्बन्धित पदाधिकारी वा सदस्यको बैङ्क खाता खोली सोही खाता मार्फत भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले पदाधिकारी तथा सदस्यले पाउने मासिक सुविधा बैङ्क मार्फत भुक्तानी गर्ने गरेको भएतापनि वैठक भत्ता कर्मचारी मार्फत नगदै बुझ्ने गरेको देखियो । पालिकाले कानुनमा भएको व्यवस्थाको पालना गरी सवै पदाधिकारी तथा सदस्यले प्राप्त गर्ने सबै प्रकारका सुविधाहरू बैङ्क खातामार्फत मात्र भुक्तानी गर्ने व्यवस्था गर्नुपर्दछ । यो वर्ष पालिकाले कर्मचारी मार्फत नगदै वैठक भत्ता लगायतको सुविधा वितरण गरेका केही उदाहरण देहाय वमोजिम रहेका छनः

भौ.नं./मिति	नगद बुझ्ने	विवरण	रकम
६०-०७९/६/११	वडा नं.३ सचिव धम्मर ब. श्रेष्ठ	पदाधिकारी मासिक वैठक भत्ता	४२०००/-

६८-०७९/६/११	वडा नं.६ सचिव सपना क्षेत्री	पदाधिकारी मासिक वैठक भत्ता	४०८००/-
५३-०७९/६/११	कार्यालय सहायक सुकुलाल तामाङ	कार्यपालिका वैठक भत्ता	५४०००/-
११७-०७९/७/४	वडा नं.७ सचिव सिताराम राई	पदाधिकारी मासिक वैठक भत्ता	६००००/-
३००-०७९/१०/४	वडा नं.१ सचिव करूणा तिमल्सेना	पदाधिकारी मासिक वैठक भत्ता	७८०००/-
३०१-०७९/१०/४	वडा नं. ४ सचिव गितादेवी रिमाल	पदाधिकारी मासिक वैठक भत्ता	७५०००/-
३०२'७९/१०/४	वडा नं.३ सचिव धम्मर ब. श्रेष्ठ	पदाधिकारी मासिक वैठक भत्ता	७२०००/-
३५२-०७९/१०/१८	वडा नं.६ सचिव सपना क्षेत्री	पदाधिकारी मासिक वैठक भत्ता	६००००/-
३६२-०७९/१०/२९	क.अ. धिरज राउत	गाउँसभा वैठक भत्ता	६५०००/-
७७५-०८०/३/२३	कार्यालय सहायक सुकुलाल तामाङ	कार्यपालिका बैठक भत्ता	२५५०००/-
७७६-०८०/३/२३	कार्यालय सहायक सुकुलाल तामाङ	पदाधिकारी वैठक भत्ता	१०६०००/-

३२ **सचिवालय कर्मचारी** -

.... (प्रारम्भिक प्रतिवेदन उपर गाउँसभाबाट नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१७ को निर्णयबाट रु.१,४८,०००/- सम्परीक्षण गरिएको ।)

३३ **दोहोरो गाडी भाडा** -

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१२ को निर्णयबाट रु.९,०००/- सम्परीक्षण गरिएको ।)

३४ **बैठक तथा अनुगमन भत्ता** - पालिकाले विभिन्न विषयगत कार्यक्रम सञ्चालन गर्दा बैठक तथा अनुगमन भत्ता वापत उल्लेखनीय रकम खर्च गर्दै आएकोमा यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छन:

- कार्यालय समयमा नै गर्न सकिने तथा गर्नुपर्ने कामहरुलाई कार्यालय समयको भन्दा अगाडी वा पछाडी बैठक बसी भत्ता भुक्तानी हुने गरेको ।
- एकै बैठकमा सम्पादन गर्न सकिने कामलाई टुक्र्याएर आवश्यकता भन्दा बढी बैठक बसी भत्ता भुक्तानी हुने गरेको ।
- तोकिए भन्दा बढी र कामको प्रकृत्ति अनुसार आवश्यक नभएका कर्मचारी समेत बैठकमा सहभागी गराई भत्ता भुक्तानी हुने गरेको ।
- हरेक योजना तथा कार्यक्रमको आवश्यकता र औचित्य पुष्टि नहुने अनुगमन गरी सो वापत अनुगमन/दैनिक भ्रमण भत्ता भत्ता भुक्तानी हुने गरेको ।

त्यसैले बैठकको आवश्यकता र औचित्य एकिन गर्दै अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका अनुसार बैठक/अनुगमन भत्ता भुक्तानीको व्यवस्था मिलाउने तर्फ ध्यान दिनु पर्दछ ।

३५ **बढी दरमा दैनिक भत्ता** - बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) को अनुसूची १(क) मा कार्यालयको कामको सिलसिलामा

आफ्नो क्षेत्र बाहिर भ्रमण गर्नुपर्दा वडा अध्यक्षले दैनिक तथा भ्रमण भत्ता बापत प्रति दिन रू.१२००/-प्राप्त गर्ने उल्लेख छ । पालिकाले यो वर्ष देहायका वडा अध्यक्षलाई दैनिक तथा भ्रमण भत्ता खर्च भुक्तानी गर्दा स्वीकृत दर भन्दा बढी दरले भुक्तानी गरी रू.११,१७५/- बढी भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने, रू.

भौ.नं./मिति	नाम	भ्रमण अबधि/स्थान	भुक्तानी गर्नुपर्ने	भुक्तानी गरेको	बढी भुक्तानी
१५५-०७९/७/२३	वडा नं. ४ अध्यक्ष सुर्जे तामाङ	२०७९/७/१४-१८ काठमाण्डौं	५१००/-	६३७५/-	१२७५/-
		२०७९/५/१६-२० हेटौंडा	५१००/-	६३७५/-	१२७५/-
		२०७९/४/२/-६ काठमाण्डौं	५१००/-	६३७५/-	१२७५/-
		२०७९/६/४-८ सिंहदरबार	५१००/-	६३७५/-	१२७५/-
२०७-०७९/८/२३	वडा नं.८ अध्यक्ष रमेश कुमार श्रेष्ठ	२०७९/७/१३-१९ काठमाण्डौं	७५००/-	९३७५/-	१८७५/-
३२५-०७९/१०/१०	वडा नं.६ अध्यक्ष तेज ब. पराजुली	२०७९/८/११-१७ काठमाण्डौं	७५००/-	१००००/-	२५००/-
		२०७९/९/३-७ काठमाण्डौं	५१००/-	६८००/-	१७००/-
	जम्मा				**१११७५/-**

असुल गर्नुपर्ने	११,१७५

३६ **दैनिक तथा भ्रमण भत्ता** - भ्रमण खर्च नियमावली, २०६४ को नियम ८ मा भ्रमणमा खटिएको पदाधिकारी वा कर्मचारीले बिदा लिएमा दैनिक भत्ता तथा भ्रमण खर्च नपाउने उल्लेख छ । त्यसैगरी कार्यालयमा हाजिर भएको समयमा दैनिक तथा भ्रमण भत्ता बापत रकम भुक्तानी गर्न मिल्दैन । पालिकाले यो वर्ष देहायका कर्मचारीलाई विभिन्न कार्यको लागि काज खटाएको भनि स्वीकृत भ्रमण आदेश अनुसार दैनिक तथा भ्रमण भत्ता भुक्तानी गरेकोमा कार्यालयको हाजिरी अभिलेख अनुसार सो समयमा निजहरू कार्यालयमा उपस्थित रहेको/विदा बसेको देखियो । कार्यालयमा उपस्थित रहेको/विदा बसेको लगायतको अवस्थामा काज खटिएको भनि भुक्तानी गरेको देहाय बमोजिमको रू.६०,०००/-सम्बन्धितबाट असुल गर्नुपर्ने, रू.

भौ.नं./मिति	भ्रमण गर्ने	भ्रमण मिति	स्थान	भुक्तानी रकम	कैफियत
४७-०७९/६/११	आ.ले.प. विजय प्र. घिमिरे	२०७९/४/२४-२९	काठमाण्डौं	६९००/-	कार्यालयमा हाजिर रहेको

४७-०७९/६/११	आ.ले.प. विजय प्र. घिमिरे	२०७९/६/६-१२	काठमाण्डौं	८१००/-	कार्यालयमा हाजिर रहेको र भैपरी विदा लिएको
८१-०७९/६/१२	अ.स.ई. नानीराम पराजुली	२०७९/५/१५-२०	काठमाण्डौं	६३००/-	घर विदामा रहेको
१२२-०७/७/४	प्र.प्र.अ. देवीलाल सापकोटा	२०७९/६/३१-७/१ र ७/१- ३	अनुगमन र निर्वाचन काज	१६००/-	१ गते दोहोरो परेको
१४१-०७९/७/२२	आ.ले.प. विजय प्र. घिमिरे	२०७९/७/१४-१७	काठमाण्डौं	४४००/-	निज तिहार पछि १४ देखि १८ गतेसम्म भैपरी विदामा बसेको
३९५-०७९/११/५	सू.प्र.अ. अमिरजन नेपाल	२०७९/४/२२-२४	वडा नं.६ कम्प्यूटर मर्मत, प्रिन्टर जडान	३८००/-	कार्यालयमा हाजिर रहेको
		२०७९/८/१४-१७	वडा नं.६ र ७ मा कम्प्यूटर मर्मत	१६००/-	निज ८/११-१४ धलिखेल काजमा रहेकोले १ दिनको दोहोरो परेको
३९९-०७९/११/५	प्र.प्र.अ. देवीलाल सापकोटा	२०७९/१०/१५-१७	चौतारा	१६००/-	निज १०/१३-१५ वडा अनुगमनमा रहेकोले १ दिनको दोहोरो परेको
६२६-०८०/२/३	प्र.प्र.अ. देवीलाल सापकोटा	२०७९/११/५-१०	सुनकोशी गापा/पोषण सम्बन्धि तालिम	८४००/-	कार्यालयबाट स्थान करिब ८ कि.मी. दुरीमामात्र रहेको, ६, ७ र ९ गते सार्वजनिक विदा रहेको
७६४-०८०/३/२२	प्र.प्र.अ. सल ब.पाण्डे	२०८०/३/१९-२१	वडा नं. ६ जालबारी आधारभुत स्वास्थ्य केन्द्रमा मोतिबिन्दु न्यूनिकरण कार्यक्रममा सहभागी भएको भनि दैनिक तथा भ्रमण भत्ता भुक्तानी लिएको ।	४०००/-	सो अबधिमा सबै जना कार्यालयमा पुरा समय हाजिर रहेको ।
	सुकुलाल तामाङ	२०८०/३/१९-२१		३१००/-	
	धिरज राउत	२०८०/३/१९-२१		३१००/-	
	नारायण प्र. न्यौपाने	२०८०/३/१९-२१		३१००/-	
	जम्मा			**५६०००/-**	

असुल गर्नुपर्ने	५६,०००

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रू.४,०००/- सम्परीक्षण गरिएको ।)

३७ **दैनिक भ्रमण/बैठक भत्ता** - वाग्मती प्रदेश अन्तर्गत गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा खटिएका कर्मचारी तथा पदाधिरीहरुलाई दैनिक भ्रमण तथा अनूगमन मूल्यांकन खर्च भुक्तानी गर्दा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् :

- अधिकांश भ्रमणको उद्देश्य र प्रयोजन स्पष्ट नदेखिएको अवस्थामा उक्त भ्रमण कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने आधार नदेखिएको ।
- सार्वजनिक विदाको दिनहरुमा समेत काठमाडौं र हेटौडा स्थित विभिन्न मन्त्रालयहरुमा काम परेको जनाई काज स्विकृत हुने गरेको ।
- भ्रमण पश्चात् प्रतिवेदन पेश नहुने तथा पेश भएका भ्रमण प्रतिवेदनमा सो अवधिमा सम्पन्न गरेको कामको स्पष्ट विवरण उल्लेख हुने नगरेको ।
- पालिका भित्रको भ्रमणमा दुरीको अभिलेख नराखि दैनिक तथा भ्रमण भत्ता खर्च लेख्ने गरेको ।
- पालिका भित्रै योजना अनुगमन तथा कार्यक्रममा जाँदा दुरीको मापन समेत नगरी दैनिक तथा भ्रमण भत्ता भुक्तानी लिने गरेको ।
- तोकिए बमोजिम भ्रमण अभिलेख खाता नराखेको ।

अतः स्पष्ट प्रयोजन, उद्देश्य र आधार बेगरको भ्रमण खर्च नियन्त्रण गर्न भ्रमण स्वीकृत गर्ने पदाधिकारीले थप ध्यान दिनुपर्ने देखिन्छ ।

३८ **बैठक भत्ता** - कानुन बमोजिम स्थापित समितिको सोही बमोजिम बसेको वैठकमा उपस्थित सदस्यलाई मात्र बैठक भत्ता भुक्तानी गर्नुपर्दछ । पालिकाले विभिन्न समयमा बसेको विभिन्न समितिका वैठकमा सहभागीलाई बैठक भत्ता भुक्तानी गरेकोमा बैठकको उपस्थित माइन्यूट र हाजिरी अभिलेख भिडान गर्दा देहायका कर्मचारीलाई बैठकमा उपस्थिति नभएको वा अन्यत्र काजमा रहेको अबधिमा समेत बैठकमा उपस्थिति जनाई भत्ता भुक्तानी गरेको देखिएकोले बैठकमा उपस्थित नभएको तथा अन्यत्र काजमा रहेको अवधिको बैठक भत्ता बापत भुक्तानी गरेको रू.३३,५००/-सम्बन्धितबाट असुल गर्नुपर्ने, रू.

भौ.नं./मिति	**पद, नाम**	**वैठक मिति**	**संख्या**	**काजको विवरण**	**भत्ता रकम**
स्थानीय पाठ्यक्रम तयारी तथा छपाई समितिको बैठक					
७३९-२०८०/३/२०	शि.अ. सल बहादुर पाण्डे	२०८०/२/५	१	जलबिरे काज	१०००/-
	ले.पा. नारायाण न्यौपाने	२०८०/२/५	१	प्रजनन शिविर	१०००/-
अन्तर्वार्ता तथा सूचिकरण समिति र छनौट तथा सिफारीस समितिको वैठक					
४०८-०७९/११/१४	प्र.प्र.अ. देवीलाल सापकोटा	२०७९/१०/२५	२	अनुगमन काज	२०००/-
४५१-०७९/१२/१३	प्र.प्र.अ. देवीलाल सापकोटा	२०७९/११/१९ र २०	३	काज तथा कार्यालय समय	३०००/-
	शि.अ. सल ब.पाण्डे		२	कार्यालय समय	२०००/-
	गीता कुमारी खरेल		२	कार्यालय समय	२०००/-
	विष्णु प्रसाद चौबे		२	भ्रमण काज	२०००/-
का.स.मु. पुनरावलोकन समितिको वैठक					

४५१-०७९/१२/१३	प्र.प्र.अ. देवीलाल सापकोटा	२०७९/५/२७	१	पाटन उच्च अदालत	१०००/-
अन्तर्वार्ता तथा सूचीकरण समितिको बैठक					
४५१-०७९/१२/१३	शि.अ. सल बहादुर पाण्डे	२०७९/११/५	२	भक्तपुर काज	२०००/-
५३१०९८९/१/७	गीता कुमारी खरेल	२०७९/१२/२९	१	भ्रमण काज	१०००/-
गाउँ शिक्षा समितिको वैठक					
५६३-०८०/१/१९	प्र.प्र.अ. देवीलाल सापकोटा	२०७९/१२/२८	१	अनुगमन काज	१०००/-
		२०७९/१२/१५	१	अनुगमन काज	१०००/-
		२०८०/१/८	१	अनुगमन काज	१०००/-
	शि.अ. सल ब. पाण्डे	२०७९/१२/२३	१	अनुगमन काज	१०००/-
		२०८०/१/१५	१	अनुगमन काज	१०००/-
मूल्याङ्कन समितिको वैठक भत्ता					
२३९-०७९/९/१४	शि.अ. सल ब. पाण्डे	२०७९/७/१६	२	चौतारा काज	३०००/-
	खम्बध्वज कार्की	२०७९/८/११	१	धुलिखेल काज	१५००/-
अन्तर्वार्ता तथा सूचीकरण समितिको वैठक					
३३५-०७९/१०/१७	शि.अ. सल ब. पाण्डे	२०७९/५/१०	१	चौतारा काज	१०००/-
	प्र.प्र.अ. देवीलाल सापकोटा	२०७९/५/६	१	उच्च अदालत काज	१०००/-
मतदाता शिक्षा समन्वय समितिको वैठक					
३४०-०७९/१०/१८	शि.अ. सल ब. पाण्डे	२०७९/७/१७	१	चौतारा काज	१०००/-
	जम्मा			**२९५००/-**	

असुल गर्नुपर्ने	२९,५००

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१२ को निर्णयबाट रू.४,०००/-मात्र सम्परीक्षण गरिएको ।)

३९ **अनुगमन समितिको वैठक भत्ता -**

३९.१ ✓ .... *(प्रारम्भिक प्रतिवेदन उपर विभिन्न २० पदाधिकारी तथा कर्मचारीको नाममा रहेको रू.७३,१००/- असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट सम्परीक्षण गरिएको ।)*

३९.२ ✓ .... *(प्रारम्भिक प्रतिवेदन उपर विभिन्न १२ पदाधिकारी तथा कर्मचारीको नाममा रहेको रू.१,०२,०००/- असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट सम्परीक्षण गरिएको ।)*

४० **यातायात भत्ता** - बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनुसूची १(क) मा उल्लेख भए अनुसारको मासिक सुविधा प्राप्त गर्ने उल्लेख छ । पालिकाले भौ.नं.३६२-२०७९/१०/२९ बाट १२ औं गाउँसभामा उपस्थित पदाधिकारी तथा सदस्यहरूलाई गाउँसभा वैठक भत्ता वापत रू.६५,०००/-उपलब्ध गराएपछि पुनः यातायात सुविधा बापत पालिका अध्यक्ष समेत ४३ जनालाई प्रति व्यक्ति रू.५००/-दरले रू.२१,५००/- भुक्तानी गरेको देखियो । पदाधिकारी तथा सदस्यले प्राप्त गर्ने सुविधा सम्बन्धि ऐन बमोजिम मासिक यातायात खर्च उपलब्ध गराएकोमा सो बाहेक पुनः यातायात सुविधा भनि दोहोरो खर्च लेख्न मिल्ने नदेखिएकोले यातायात सुविधा बापत थप भुक्तानी गरेको रकम असुल हुनुपर्ने, रू.

असुल गर्नुपर्ने	२१,५००

४१ **बिल भरपाई** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी निकायले रकम खर्च गर्दा खर्चको आवश्यक बिल भरपाई सहित भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नेपर्ने उल्लेख छ । पालिकाले भौ.नं.१९२-२०७९/८/२१ बाट सुचना छपाई कार्यकोलागि क्रियटिभ मिडिया प्रा.ली.लाई रू.६०,८७९/-तथा अन्नपूर्ण एडभरटाइजिङलाई रू.६७७३६/-समेत रू.१,२८,६१५/-भुक्तानी गरेकोमा खर्चसम्बन्धि आवश्यक बिल, भरपाई, प्रमाण संलग्न गरेको नदेखिएकोले उल्लेखित प्रमाण पेश गर्नुपर्ने, रू.

प्रमाण पेश नगरेको	१,२८,६१५

४२ **बितरण भरपाई नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले ७५ प्रतिशत अनुदानमा प्लाष्टिक टनेल बितरण गर्नको लागि के.सी. प्लाष्टिक स्टोरबाट २०७९।१०।१६ मा रु.६०००।- का दरले ९९ थान प्लाष्टिक टनेल खरिद गरेको बिजक राखी रु.५९४०००।- भुक्तानी गरी खर्च लेखेकोमा कार्यालयले प्लाष्टिक टनेल वडा कार्यालयहरुमा बितरणको लागि पठाएको भन्ने जवाफ दिएको छ । अनुदानमा सञ्चालन हुने कार्यक्रम गर्दा मालसामानको आपूर्तिकर्तासँग आपूर्ति गर्ने मालसामानको दररेट सम्बन्धमा वार्ता गरी दररेट निर्धारण भईसके पछि लाभग्राहीले बहन गर्ने रकम पालिकाको खातामा जम्मा गर्न लगाई आपूर्तिकर्ताबाट सामान खरिद गरी लाभग्राहीलाई प्लाष्टिक टनेल बितरण गर्नुपर्नेमा पालिकाले नै १०० प्रतिशत भुक्तानी गरी प्लाष्टिक टनेल खरिद गरेकोले लाभग्राहीले बहन गर्नुपर्ने २५ प्रतिशत अनुदान प्राप्त हुन्छ भन्ने अवस्था नरहेको अवस्था छ । वडा कार्यालयहरुले के-कति प्लाष्टिक टनेल बुझिलिई के-कति परिमाण कृषकलाई बितरण गरे र बाँकी टनेल के-कस्तो अवस्था छ सोको प्रमाण पेश गर्नुपर्ने साथै लाभग्राहीले बहन गर्नुपर्ने अंश रु.१४८५००।- पालिकाको खातामा जम्मा भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने, रू.

प्रमाण पेश नगरेको	५,९४,०००

४३ **कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८७, ८८ वमोजिम करकट्टी गर्नुपर्दछ । पालिकाले भौ.नं. ११२-०७९/७/४ बाट अधिवक्ता ज्ञानेन्द्र नेपाललाई कानुनी सेवा प्रदान गरे बापत परामर्श शुल्क रू.४०,०००/-भुक्तानी गरेकोमा नियमानुसार १५ प्रतिशतले हुने रू.६,०००/-कर कट्टी गर्नुपर्नेमा रू.६००/-मात्र कर कट्टी गरेको देखिएकोले कर बापत कट्टी गर्न छुट भएको रू.५,४००/- निजबाट असूल गरी संचित कोष दाखिला गर्नुपर्ने, रू.

असुल गर्नुपर्ने	५,४००

४४ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५५, ५७, ५८ र ५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छः

आय शीर्षक	**अनुमान**	**असुली**	**असुली प्रतिशत**
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	६६०००००/-	२९१९३२१/२८	४४
वहाल विरौटी शुल्क	२००००.००	-	-

पालिकाले एकीकृत सम्पत्ति करतर्फ अनुमानको तुलनामा ४४ प्रतिशत मात्र कर असुल गरेकोमा घरजग्गा वहाल कर, व्यवसाय कर, वहाल विरौटी शुल्क लगायतका अन्य करतर्फ कर तथा शुल्क संकलन गर्न नसकेको पालिकाले जनाएको छ ।एकीकृत सम्पत्ति कर र घरजग्गा करतर्फ पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४५ **ड्राइभिङ तालिम** - पालिकाले भौ.नं.४२४-२०७९/११/१६ बाट वडा नं.८ को सचिव विमला चौलागाईले महिला सशक्तिकरण अन्तर्गत वडा भित्रका १३ जना महिलाहरूलाई ड्राइभिङ तालिम उपलब्ध गराएबापत बि.के. मोटर ड्राइभिङ सेन्टर, खाडिचौरलाई रू.१,००,०००/-भुक्तानी गरेकोमा सोको सम्झौता, तालिम लिने महिलाको विवरण तथा ड्राइभिङ सेन्टरको बिजक पेश गरेको देखिएन । अतः ड्राइभिङ सेन्टरसँगको सम्झौता, भुक्तानीको बिल, सहभागीको विवरण तथा सहभागी छनौटको प्रकृया समेत खुल्ने प्रमाण पेश गर्नुपर्ने, रू.

प्रमाण पेश नगरेको	१,००,०००

४६ **गाडी भाडा** - गाउँपालिकाले पालिकाको कामको सिलसिलामा गाडी भाडामा लिएको जनाई यो वर्ष गाडी भाडा बापत रू.१४,०३,९००/-खर्च गरेकोमा सो सम्बन्धमा देखिएका थप व्यहोरा देहाय अनुसार रहेका छन्:

- · पालिकाले गा.पा. अध्यक्षको गाडी बिग्रिएको जनाई २०७९/१२/१४ मा सिन्धु कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग मासिक रू.१,७५,०००/-भाडा भुक्तानी गर्ने गरी सम्झौता गरी २०८०/२/२६ सम्म रू.३,७८,०००/-भुक्तानी गरेकोमा १० प्रतिशत भाडा कर कट्टी गरेको तर कर बीजक लिएको छैन । सो समयमा गाडी प्रयोग गरेको लगबुक समेत व्यवस्थित गरेको छैन ।
- · पालिकामा गाउँपालिका अध्यक्ष र उपाध्यक्षको लागि २ वटा गाडी रहेको तथा वडा अध्यक्ष र कर्मचारीहरूको लागि आवश्यकता अनुसार मोटरसाइकल उपलब्ध गराएको छ । सो बाहेक विभिन्न मितिमा विभिन्न स्थानमा जाँदा प्रयोग भएको, विभिन्न कार्यक्रममा कर्मचारी लैजान ल्याउन प्रयोग भएको लगायतको व्यहोरा जनाई सम्झौता गरी पटके रूपमा गाडी भाडा वापत भुक्तानी गर्ने गरेको ।
- पालिकाले गाडी प्रयोग गर्ने सम्बन्धमा सम्झौता गर्दा आवश्यक परेको समयमा प्रतिदिन रू.६०००/-दिने गरी प्रयोग गर्ने उल्लेख गरी पटक पटक भाडामा लिने गरेको ।
- पालिकाले विभिन्न कार्यक्रम सञ्चालन गर्दा, कर्मचारीको अनुगमन तथा भ्रमण, सामान ढुवानी लगायतमा छुट्टै गाडी भाडा रकम भुक्तानी गर्ने गरेको ।

पालिकाले गाडी प्रयोग गरेको प्रमाणित गर्ने कुनै कागजात संलग्न नगरी आवश्यक परेको समयमा प्रतिदिनको दरले भाडा भुक्तानी गर्ने गरी सम्झौता गरी पटके रूपमा विभिन्न समयमा प्रयोग गरेको गाडीको भाडा बापत रकम भुक्तानी गर्दा वास्तविक रूपमा गाडी प्रयोग भएनभएको सम्बन्धमा आश्वस्त हुन नसकिने हुँदा यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

४७ **इन्धन खर्च** - पालिकाबाट उपलब्ध देहायको विवरण अनुसार यो वर्ष पालिका पदाधिकारी तथा कर्मचारीहरूको लागि रू.२४,१८,५९३/-मूल्यको डिजेल/पेट्रोल खरिद बापत भुक्तानी भएको छ । यसका अलाबा पदाधिकारी/कर्मचारीहरू अन्य कार्यक्रममा जाँदा वा अनुगमन भ्रमणको क्रममा बिल बमोजिम छुट्टै इन्धन खर्च समेत लेख्ने गरेको छ । विभिन्न समयमा कुपनबाट भएको इन्धन खर्चको एकमुष्ठ बिल पेश भएअनुसार भुक्तानी हुने गरकोमा कानुन बमोजिम खपतको लगबुक राख्ने गरेको छैन । पालिकाले इन्धनको अनियन्त्रित खपतलाई नियन्त्रण गरी कानूनले तोके बमोजिम लगबुक समेत अद्यावधिक गरी इन्धन उपलब्ध गराउने तर्फ विशेष ध्यान दिनुपर्दछ ।

भौ.नं./मिति	आपूर्तिकर्ता	विवरण	भुक्तानी रकम	कैफियत
२४-०७९/६/८	सुनकोशी आयल स्टोर	विभिन्न समयमा कुपनबाट इन्धन खर्च	३५८१६६/-	लगबुक पेश नभएको
१११-०७९/७/१४	सुनकोशी आयल स्टोर	विभिन्न समयमा कुपनबाट इन्धन खर्च	१७७१६०/-	लगबुक पेश नभएको
१८९-०७९/८/२१	सुनकोशी आयल स्टोर	विभिन्न समयमा कुपनबाट इन्धन खर्च	३१७०७३/-	लगबुक पेश नभएको
२५२-०७९/९/२४	सुनकोशी आयल स्टोर	विभिन्न समयमा कुपनबाट इन्धन खर्च	११८०६७/-	लगबुक पेश नभएको
३३८-०७९/१०/१८	सुनकोशी आयल स्टोर	विभिन्न समयमा कुपनबाट इन्धन खर्च	१९०६२१/-	लगबुक पेश नभएको

४००-०७९/११/१५	सुनकोशी आयल स्टोर	विभिन्न समयमा कुपनबाट इन्धन खर्च	२६५८७७/-	लगबुक पेश नभएको
४७४-०७९/१२/२४	सुनकोशी आयल स्टोर	विभिन्न समयमा कुपनबाट इन्धन खर्च	३०५७६५/-	लगबुक पेश नभएको
६५७-०८०/२/२६	सुनकोशी आयल स्टोर	विभिन्न समयमा कुपनबाट इन्धन खर्च	२६३०७४/-	लगबुक पेश नभएको
७६०-०८०/३/२२	सुनकोशी आयल स्टोर	विभिन्न समयमा भएको इन्धन खर्च	४२२७९०/-	लगबुक पेश नभएको
		जम्मा	**२४,१८,५९३/-**	

४८ **बितरण भरपाई र लाभग्राहीको अंश दाखिला नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले ७५ प्रतिशत अनुदानमा सुक्ष्म खाद्यतत्त्व बितरण गर्नको लागि सांग्रिला एग्रोभेट इम्पेक्सबाट २०८०।२।१७ मा रु.२५०।- का दरले ४०० के.जी. कृषि चुन र रु.२००।- का दरले ५०० के.जी. बायो फर्टिलाइजर खरिद गरी रु.२०००००।- खर्च लेखेकोमा पालिकाले सो कृषि चुन तथा बायो फर्टिलाइजर बितरण गरेको भरपाई नराखेको साथै लाभग्राहीले बहन गर्नुपर्ने अंश रु.५००००।- पालिकाको खातामा जम्मा भएको प्रमाण समेत पेश नभएकोले बितरण भरपाई तथा लाभग्राहीले बेहोर्नुपर्ने अंश पालिकाको खातामा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने, रू.

प्रमाण पेश नगरेको	२,००,०००

४९ **स्कोरपियो गाडी मर्मत** - पालिकाले पालिका अध्यक्ष ज्यूले प्रयोग गर्ने बा. २ झ. ४०३१ महिन्द्रा स्कोरपियो एस-५ गाडी मर्मतको लागि यो वर्ष भुक्तानी बाँकी रू.८,८४,६८८/-तथा भुक्तानी गरेको रू.१७,२४,९४१/-समेत रू.२६,०९,६२९/- तथा गतवर्षसम्म रू.१,२६,९५४/- समेत हालसम्म रू.२७,३६,५८३/- खर्च गरेकोमा सो सम्बन्धमा देखिएका व्यहोराहरू देहाय अनुसार रहेका छनः

- पालिकाले यो वर्ष मर्मत खर्च वापत २ आपूर्तकलाई रू.१७,२४,९४१/-भुक्तानी गरेको छ भने ३ आपूर्तकलाई रू.८,८४,६८८/-भुक्तानी गर्न बाँकी रहेको विवरणमा उल्लेख गरेको छ ।
- पालिकाले २०७६/६/१० मा मू.अ.कर समेत रू.५६,००,०००/-मूल्यमा नयाँ खरिद गरेको उक्त स्कोरपियो गाडीमा खरिदको तेस्रो वर्षमै यो वर्ष मात्र भुक्तानी दिन बाँकी समेत रू.२६,०९,६२९/-अर्थात खरिद मूल्यको ४६.६० प्रतिशत मर्मत खर्च देखिएको छ ।
- पालिकाले मर्मत खर्च गर्दा प्रतिस्पर्धा नगरी सोझै खरिद गरेको छ ।
- पालिकाले मर्मत खर्च वीमाबाट दावी नगरी पालिकाबाट खर्च जनाएको छ ।

- पालिकाले गाडी खरिदको तेस्रो वर्षसम्म परल मूल्य रू.५६ लाखको ४८.८७ प्रतिशत अर्थात रू.२७,३६,५८३/- खर्च गरिसकेको छ ।

उल्लेखित अवस्थाले स्कोरपियो गाडीमा अस्वभाविक रूपमा मर्मत खर्च देखिएको छ । पालिकाले यस प्रकारको अस्वभाविक मर्मत खर्च आउँदा समेत यस सम्बन्धमा कुनै विश्लेषण नगरी वा वास्तविक समस्याको पहिचान समेत नगरी तथा प्रतिस्पर्धा तर्फ ध्यान नदिई मर्मत बापत ठूलो रकम भुक्तानी गरेको तथा भुक्तानी बाँकी विवरणमा समेत राखेको देखिन्छ । अतः पालिकाले यस सम्बन्धमा विज्ञ प्राविधिकबाट समेत राय लिएर तथा वास्तविक समस्या र मर्मतको पहिचान गरेर मात्र थप रकम भुक्तानी गर्नुपर्ने देखिन्छ ।

५० **अन्तक्रिया कार्यक्रम** - (गाउँपालिका शिक्षा-चालुतर्फ) अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा ७.१.१५ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति/प्रशिक्षकले अधिकृतस्तरको तालिममा कार्यपत्र बापत रू.१२००/-तथा कक्षा सञ्चालन बापत रू.८००/-समेत प्रति सेसन रू.२,०००/-पारीश्रमिक पाउने उल्लेख छ । पालिकाले भौ.नं.४२-२०८०/३/२४ बाट २०८०/२/३२ देखि ३/४ सम्म सञ्चालित ५ दिने बाल मैत्री स्थानीय शासन घोषणा तथा दिगोपना सम्बन्धी अन्तर्कृया कार्यक्रममा सहजकर्ता विष्णु प्रसाद चौबेलाई ५ दिनको १५ सेसन कक्षाको प्रशिक्षण वापत रू.३०००/-र कार्यपत्र बापत रू.१०००/-समेत रू.४०००/-दरले रू.६०,०००/-भुक्तानी गरेको देखिएकोले निर्देशिकामा भएको व्यवस्था विपरीत प्रति सेसन बढी भएको रू.२०००/-दरले १५ सेसनको रू.३०,०००/-मा कर कट्टी पछिको बाँकी रू.२७,०००/-निजबाट असुल गर्नुपर्ने, रू.

असुल गर्नुपर्ने	२७,०००

५१ **छोरी सम्मान कार्यक्रम** - पालिकाले २०७९ श्रावण १ गते देखि गाउँपालिका भित्र स्थायी बसोबार गर्ने दम्पत्तीबाट स्वास्थ्य संस्थामा जन्मीएका सबै छोरीहरूलाई सम्मान स्वारूप रू.३,०००/-प्रदान गर्ने कार्यक्रम अनुरूप यो वर्ष नयाँ जन्मिएका २८ जना छोरीहरूलाई रू.८४,०००/-नगद प्रदान गरेको छ ।

५२ **बिल भरपाई** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ ।पालिकाले निम्न योजनामा निर्माण व्यवसायीलाई पि एस आइटम अन्तर्गत योजना सुचना बोर्डको बिल तथा सो प्रमाणित गर्ने फोटो बेगर रु.४००००।०० भुक्तानी गरेको छ । बिल बेगर भुक्तानी गरिएको रकम सम्बन्धित निर्माण व्यावसायी मार्फत असुल गर्नुपर्ने, रू.

योजनाको विवरण	निर्माण व्यावसायी	भुक्तानी रकम
सातदोबाटो कोले सडक स्तरोन्नि	रेग्मि निर्माण सेवा	१००००।००
कोले डाँडा सडक स्तरोन्नि	रेग्मि निर्माण सेवा	१००००।००
डाँडागाउँ चिलाउने सडक स्तरोन्नि	रेग्मि निर्माण सेवा	१००००।००
कपिलेश्वर वृद्धाआश्रम निर्माण	कपिल निर्माण सेवा	१००००।००
		४००००।००

असुल गर्नुपर्ने	४०,०००

५३ **दैनिक भ्रमण आदेश स्वीकृत** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ७(३) मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले आफ्नो निकायको कामको सिलसिलामा आफ्नो क्षेत्रभन्दा बाहिर भ्रमण गर्नुपर्ने भएमा तीन दिनसम्मको भ्रमण आदेश अध्यक्ष/प्रमुखको हकमा स्वयंले स्वीकृत गर्न सक्ने र सोभन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्ने उल्लेख छ । गाउँपालिका अध्यक्ष पालिकाको कामको सिलसिलामा पालिका क्षेत्र बाहिर भ्रमणमा गएकोमा तीन दिन भन्दा बढीको भ्रमण आदेश समेत कार्यपालिकाबाट स्वीकृत नगरी स्वयमले स्वीकृत गर्ने गरेको देखियो । नियममा भएको व्यवस्था विपरीत पालिका अध्यक्षले तीन दिन भन्दा बढीको भ्रमण आदेश आफैले स्वीकृत गरी भ्रमण खर्च भुक्तानी लिएको नियमसम्मत देखिएन । यसमा सुधार गरी नियमानुसार भ्रमण आदेश कार्यपालिकाबाट स्वीकृत गराउनु पर्दछ । यो वर्ष गाउँपालिका अध्यक्ष स्वयमले ३ दिन भन्दा बढीको भ्रमण आदेश स्वीकृत गरी भ्रमण गरेका केही उदाहरण देहाय अनुसार रहेका छन्:

पद, नाम	भ्रमण स्थान	भ्रमण मिति	जम्मा दिन	रकम
गा.पा.अध्यक्ष गंगा ब. तामाङ	काठमाण्डौं	२०७९/४/१२-१६	५	६८००/-
गा.पा.अध्यक्ष गंगा ब. तामाङ	काठमाण्डौं	२०७९/५/६-१२	७	१००००/-
गा.पा.अध्यक्ष गंगा ब. तामाङ	काठमाण्डौं	२०७९/५/२०-२६	७	१००००/-
गा.पा.अध्यक्ष गंगा ब. तामाङ	काठमाण्डौं	२०७९/९/२-५	४	५२००/-
गा.पा.अध्यक्ष गंगा ब. तामाङ	काठमाण्डौं	२०७९/९/७-१०	४	५२००/-
गा.पा.अध्यक्ष गंगा ब. तामाङ	काठमाण्डौं	२०७९/९/२१-२४	४	५२००/-
गा.पा.अध्यक्ष गंगा ब. तामाङ	काठमाण्डौं	२०७९/८/१३-१६	४	५२००/-
गा.पा.अध्यक्ष गंगा ब. तामाङ	काठमाण्डौं	२०७९/८/१८-२१	४	५२००/-
गा.पा.अध्यक्ष गंगा ब. तामाङ	काठमाण्डौं	२०७९/८/२५-२८	४	५२००/-
गा.पा.अध्यक्ष गंगा ब. तामाङ	काठमाण्डौं	२०८०/१/२८-२/३	७	१००००/-

५४ **अभिमुखिकरण तालिम कार्यक्रम**

५४.१ पालिकाले ८ दिने बालमैत्री स्थानीय शासन सम्बन्धि नीतिगत व्यवस्थाको कार्यान्वयन, अबलम्बन तथा घोषणा सम्बन्धि वडा स्तरीय अभिमुखिकरण कार्यक्रम २०७९/९/१३ देखि २० सम्म सञ्चालन गरेबापत भौ.नं.४१८-२०७९/११/१५ बाट शि.अ. सलबहादुर पाण्डेको नामको रू.३,००,०००/-पेश्की फछ्यौंट समेत रू.३,५०,०००/-भुक्तानी गरेकोमा सो सम्बन्धमा देखिएका व्यहोराहरू देहाय अनुसार रहेका छनः

५४.२ भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(६)(क) मा पदाधिकारी वा कर्मचारीलाई सात दिन भन्दा बढी अबधिको लागि काज खटाउनुपर्ने भएमा भ्रमण आदेश गर्ने पदाधिकारीले कारण खोली काजमा खटाउन सक्ने उल्लेख छ । प्रमुख

प्रशासकिय अधिकृतले अभिमुखिकरण कार्यक्रमको लागि प्रशिक्षकको रूपमा सहजकर्ता विष्णु प्रसाद चौवेलाई २०७९/९/८ देखि २३ सम्म १६ दिनको भ्रमण आदेश २०७९/९/७ मा स्वीकृत गरेकोमा तालिम अबधि भन्दा दोब्बर अवधिको भ्रमण आदेश स्वीकृत गर्नुको कारण उल्लेख गरेको देखिएन । तालिम कार्यक्रम २०७९/९/१३ देखि २० सम्म ८ दिन सञ्चालन भएकोमा सहजकर्तालाई १६ दिनको भ्रमण आदेश स्वीकृत गर्नु औचित्यपूर्ण देखिंदैन । अतः निजलाई कपिलवस्तुबाट पालिकासम्म आतेजाते तथा तालिम सञ्चालन अबधिसमेत १२ दिनको भ्रमण खर्च स्वीकृत गरी बाँकी ४ दिन बढीको दैनिक रू.१६००/-दरले रू.४८००/-निजबाट असुल गर्नुपर्ने, रू.

असुल गर्नुपर्ने	४,८००

५४.३ अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा ७.१.१५ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति/प्रशिक्षकले अधिकृतस्तरको तालिममा कार्यपत्र बापत रू.१२००/-तथा कक्षा सञ्चालन बापत रू.८००/-समेत प्रति सेसन रू.२,०००/-पारीश्रमिक पाउने उल्लेख छ । पालिकाले सहजकर्ता विष्णु प्रसाद चौबेलाई ८ दिनको तालिममा २४ सेसन कक्षाको प्रशिक्षण वापत रू.३०००/-र कार्यपत्र बापत रू.१०००/-समेत रू.४०००/-दरले रू.९६,०००/-भुक्तानी गरेको देखिएकोले निर्देशिकामा भएको व्यवस्था विपरीत प्रति सेसन बढी भएको रू.२०००/-दरले २४ सेसनको रू.४८,०००/-मा कर कट्टी पछिको बाँकी रू.४०,८००/-निजबाट असुल गरी दाखिला गर्नुपर्ने, रू.

असुल गर्नुपर्ने	४०,८००

५५ **अनुदान वितरण** - गाउँपालिकाले यो वर्ष कृषि तथा पशु विकास कार्यक्रमतर्फ विभिन्न कृषि तथा पशुपालन फर्महरूलाई फर्म निर्माण तथा पशु खरिदको लागि अनुदान उपलब्ध गराउने कार्यक्रम स्वीकृत गरी रकम उपलब्ध गराएको देखियो । पालिकाले अनुदान वितरणको आधार, छनौट प्रकृया, लागत साझेदारी, प्रतिफलको उपभोग र लाभान्वित परिवार समेत विश्लेषण नगरी व्यक्तिगत नाफामुलक फर्मलाई अनुदान वितरण गर्दा अनुदान पाउनुपर्ने वास्तविक परिवार र समुह सो लाभबाट वञ्चित भएनन भन्न सक्ने अवस्था रहेन । पालिकाले अनुदान वितरणको कार्यविधि बनाई यस प्रकारका कार्यक्रम व्यक्तिगत रूपमा नभई धेरै भन्दा धेरै परिवार लाभान्वित हुनेगरी सामुहिक लाभ तथा लागत साझेदारी समेतको आधारमा सञ्चालन गर्नुपर्दछ । यो वर्ष पालिकाले अनुदान उपलब्ध गराएका व्यक्तिगत कृषि फर्मका केहि उदाहरण देहाय अनुसार रहेका छनः

फर्मको नाम	अनुदानको विवरण	अनुदान रकम	लाभान्वित परिवार संख्या
विञ्जेल वेशी कृषि तथा पशु फर्म	प्लाष्टिक टनेल पुरानो मर्मत तथा नयाँ खरिद	१०००००/-	१
जाल्वारी पशुपंछी तथा कृषि फर्म	कृषि फर्म निर्माण	१०००००/-	१
लक्ष्मी बहुउद्देश्यीय कृषि तथा पशुपंछी फर्म	कृषि फर्म निर्माण	१०००००/-	१
सिन्धु ब्रम्हायणी कृषि तथा पशु फर्म	कृषि फर्म निर्माण	१०००००/-	१

सिन्धु बहुउद्देश्यीय कृषि तथा पशु फर्म	कृषि फर्म निर्माण	२०००००/-	१
नमुना गहते ढाँड कृषि तथा पशु फर्म	नयाँ खोर निर्माण	१०००००/-	१

५६ **बढी ग्रेड भुक्तानी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(७) अनुसार नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी सो कार्यान्वयन गर्न प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका तथा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकार अर्थ मन्त्रालयले स्वास्थ्य तर्फका कर्मचारीको अन्तिम ग्रेड निर्धारण गरी तलब, ग्रेड तथा भत्ता निर्धारण गरी परिपत्र पठाएकोमा पालिकाले निम्न कर्मचारीहरुले पाउने अन्तिम ग्रेड भन्दा बढी भुक्तानी भएको ग्रेड रू. ११६८८५ /-सम्बन्धितबाट असुल गर्नुपर्ने, रू.

क.सं.	कर्मचारीको नाम	तह	पाउने अन्तिम ग्रेड	भुक्तानी भएको ग्रेड	बढी भुक्तानी भएको ग्रेड रकम क.सं.कोष थप सहित
१	राधेश्याम कक्षपति	सि.अ.हे.व.पाँचौ	६	७-९	३५३१९
२	चन्द्रावती थापा	सि.अ.न.मी. पाँचौ	६	७	१५१७०
३	सीतादेवी न्यौपाने	अ.न.मी. पाँचौ	६	७	१३९८०
४	अरुण कुमार यादव	सि.अ.हे.व.छैठौं	५	६	२०६७५
५	सुरेश शाह	सि.अ.हे.व.छैठौं	५	६-१०	३१७४१
					११६८८५

असुल गर्नुपर्ने	१,१६,८८५

५७ **सोझै खरिद -**

.... (प्रारम्भिक प्रतिवेदन उपर गाउँसभाबाट नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.३७,८३,४८०/- सम्परीक्षण गरिएको ।)

५८ ***भुक्तानी बाँकी तथा शीर्षक फरक -***

.... (प्रारम्भिक प्रतिवेदन उपर गाउँसभाबाट नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट रु.६,८९,८००/- सम्परीक्षण गरिएको ।)

५९ ***अतिथि सत्कार -***

.... (प्रारम्भिक प्रतिवेदन उपर गाउँसभाबाट नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट रु.२,८६,६९०/- सम्परीक्षण गरिएको ।)

६० **अन्तिम तलब भन्दा बढी भुक्तानी** - शिक्षा नियमावली, २०५९ को नियम १०२ अनुसार माथिल्लो तलबमानको कुनै श्रेणीमा बढुवा पाउने शिक्षकले साविक श्रेणीमा पाइरहेको तलब बढुवा भएको श्रेणीको सुरु तलब भन्दा बढी भएको

अवस्थामा माथिल्लो श्रेणीको तलब तोक्दा हाल पाइरहेको तलबमा नपुगसम्मको तलब बृद्धि गरी माथिल्लो श्रेणीको एक तलब बृद्धि समेत दिने व्यवस्था छ । पालिकाले २०७९।४।२० मा नि.मा.वि प्रथममा स्तरबृद्धि भएका बालशिक्षा मा.वि.का शिक्षक कृष्ण गुरुङ्गको माथिल्लो श्रेणीको तलब तोक्दा नियमावलीले तोकेको दरले गणना गर्दा मासिक तलब रु.५८८६६।- हुने र सो तलब नि.मा.वि.प्रथम श्रेणीको अन्तिम तलब रु.५८०९४।- भन्दा बढी हुने हुँदा नि.मा.वि.प्रथम श्रेणीको अन्तिम तलब भत्ता नै भुक्तानी गर्नुपर्नमा बढी दरले तलब भत्ता भुक्तानी गरेकोले तोकेको भन्दा बढी भुक्तानी लिएको तलब भत्ता असूल गरी दाखिला गर्नुपर्ने, रू.

नि.मा.वि.प्रथम श्रेणीको अन्तिम तलब भत्ता	भुक्तानी हुनुपर्ने वार्षिक तलब भत्ता	भुक्तानी भएको वार्षिक तलब भत्ता	बढी भुक्तानी
५८०९४ (मासिक)	८५३२०६	८६०९४५	७७३९

असुल गर्नुपर्ने	७,७३९

६१ **तिज विशेष कार्यक्रम** -

.... (प्रारम्भिक प्रतिवेदन उपर गाउँसभाबाट नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट रु.१,००,०००/- सम्परीक्षण गरिएको ।)

६२ **भान्सा व्यवस्थापन** - पालिकाले यो वर्ष नवनियुक्त अध्यक्ष ज्यूको निवासमा भान्सा व्यवस्थापन बापत शुभश्री केनिषा एण्ड के.जी.बाट रू.२,३०,१२०/-बराबरका भाडा, वर्तन, झाडु, कुचो लगायत ६६ प्रकारका किचन सामाग्री खरिद गरी भुक्तानी गरेकोमा सो सम्बन्धमा देखिएका व्यहोराहरू देहाय वमोजिम रहेका छनः

- नवनियुक्त पालिका अध्यक्ष ज्यू २०७९ जेष्ठ मा नियुक्ति भई आएकोमा आवास/भान्सा व्यवस्थापन भनि भाद्र अन्त्यमा ठूलो परिमाणमा किचन सामाग्री खरिद गरेको देखिन्छ ।
- अघिल्लो कार्यकालमा नियुक्त पालिका अध्यक्षको आवासमा मौजुदा रहेका कुनै पानि भाडा, वर्तन लगायत किचन सामाग्री प्रयोगमा नल्याई सबै नयाँ खरिद गरेको देखिन्छ ।
- अध्यक्ष ज्यूको निवासमा अघिल्लो कार्यकालमा खरिद गरेका परल मूल्य रू.४९,१००/-बराबरका विभिन्न ३० प्रकार भन्दा बढी किचन सामाग्री खाडिचौर स्थित वर्तमान अध्यक्ष ज्यूको आवास नजिकै स्थानिय तारा केसीको घरमा मासिक रू.१५००/-भाडा तिर्ने गरी एक कोठा भाडामा लिई राखेको छ ।
- · यो वर्ष आवास/भान्सा व्यवस्थापनको लागि खरिद गरेको कतिपय सामाग्रीको परिमाण अस्वाभाविक देखिन्छ । उदाहरणको लागि झाडु १० थान, पोछा १० थान, कुचो १० थान । यस प्रकारका सामाग्री घरायसी प्रयोजनका लागि एकै पटक ठूलो परिमाणमा खरिद गर्न आवश्यक नपर्नेमा एकै पटक खरिद गरेको बिल पेश गरेको छ ।
- खरिद सामाग्री पालिका कार्यालयमा जिन्सी शाखाले बुझि/परिमाण भिडाई जिन्सी दाखिला नगरेको र भुक्तानीको लागि बिल पेश हुँदाको बखत जिन्सी खातामा दाखिला गरेको जनाएको छ ।

६३ **जिन्सी सामान फिर्ता नगरेको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०३ मा कुनै कर्मचारी सरूवा, बढुवा वा अवकाश वा अध्ययन बिदा वा असाधारण बिदा जस्ता लामो बिदामा बस्दा वा कुनै कारणले आफू कार्यरत कार्यालय छोडी जाँदा वा सो कामबाट अलग हुँदा आफ्नो जिम्मामा रहेको नगद, जिन्सी मालसामान, वित्तीय कारोबारको स्रेस्ता वा अन्य सरकारी कागजात हालवाला वा हालवाला नभएमा कार्यालय प्रमुखले तोकेको

कर्मचारीलाई बरबुझारथ गर्नुपर्ने उल्लेख छ । त्यसैगरी सोही नियमावलीमा आफ्नो जिम्मामा रहेको जिन्सी मालसामान वा अन्य सम्पत्ति नबुझाएमा वा बदनियत पूर्वक हानि नोक्सानी वा हिनामिना गरेको देखिएमा त्यस्तो सम्पत्ति तथा जिन्सी मालसामानको खरिद मूल्यलाई आधार मानेर निजबाट असूलउपर गरिने उल्लेख छ । पालिकाका देहायका पदाधिकारीले आफू कार्यरत रहँदा बुझिलिएको देहाय अनुसारको रू.१,४३,८४९/-मूल्य बराबरका जिन्सी मालसामान आफ्नो कार्यकाल सकिए पश्चात समेत पालिकामा फिर्ता नगरी आफूसँगै लिएर गएको देखियो ।उक्त जिन्सी मालसामान लेखापरीक्षण अवधिसम्म समेत पालिकामा फिर्ता दाखिला गरेको छैन । उल्लेखित जिन्सी सामान पालिकामा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा सोको खरिद मूल्य निजबाट असुल गर्नुपर्ने, रू.

पद, नाम	बुझेको सामान	खरिद/बुझेको मिति	परल मूल्य	कैफियत
निवर्तमान उपाध्यक्ष कमला कायस्थ	Dell i7, 4GB RAM, 1TBHDD, LED Touch Screen Laptop १ थान	२०७४/६/२२	१,४३,८४९/-	२०७९ जेष्ठबाट कार्यकाल सकिएको ।
			प्रमाण पेश नगरेको	१,४३,८४९

६४ **सिकाई सामग्री विकास तथा छपाई -** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.७.१३.४९ को कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिकव परिपूरण तथा अन्य विपद्को समयमा सिकाइ निरन्तरताको लागि कार्यक्रम सञ्चालन गर्दा कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण गर्ने तथा अन्य विपद्का कारण हुने सिकाइ नियमित पठनपाठन हुन नसकेमा सिकाइ निरन्तरताका लागि अतिरिक्त सिकाइ, उपचारात्मक कक्षाका लागि अभ्यास कक्षा सञ्चालन, विपद्को समयमा सिकाइ निरन्तरताका लागि अस्थायी सिकाइ सहजीकरण केन्द्र, गृह विद्यालय सञ्चालन तथा घरदैलो कार्यक्रम सञ्चालन, स्थानीय तहले प्रविधिमा पहुँच नपुगेका वर्गलाई लक्षीत गरी विषयगत शिक्षकको रोष्टर विकास गरी केन्द्रबाट विकास भएका तथा वैकल्पिक सिकाइका लागि स्वीकृत अध्ययन सामग्रीसमेतलाई आधार मानी स्थानीय तहबाट थप सिकाइ सामग्री विकास तथा छपाइ र बितरण गर्ने विद्यालयले यस प्रकारका सामग्रीको प्रयोगमा प्रोत्साहन गर्ने र सिकाइमा सहजीकरण गर्ने, विद्यालयलाई यस कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमबाट लाभान्वित विद्यार्थीहरुको विवरण IEMIS को Online portol मा अपलोड गर्न लगाई सो कार्यको अनुगमन स्थानीय तहले गर्ने आदि कार्यहरु गर्नुपर्ने र यस कार्यका लागि स्थानीय तहले बजेट थप गरी कार्यान्वयन गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष यस कार्यक्रमका लागि रु.४०००००।- सिकाइ सहजीकरणको लागि आर्थिक वर्षको अन्तमा कक्षा १, २, ३ को विद्यार्थी मूल्याङ्कन पुस्तिका (कार्यसञ्चायिका/पोर्टफोलियो) ९०० प्रति तथा पूर्वप्राथमिक तथा प्राथमिक अभ्यास पुस्तक ५५० प्रति भुँडीपुराण प्रकाशन, बागबजारबाट खरिद गरी ३१ विद्यालयलाई विद्यार्थी मूल्याङ्कन पुस्तिका ६७५ प्रति तथा पूर्वप्राथमिक तथा प्राथमिक अभ्यास पुस्तक ४०० प्रति बितरण गरेको भरपाई संलग्न गरेको देखिन्छ । पालिकाले कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण गर्ने तथा अन्य विपद्का कारण हुने सिकाइ नियमित पठनपाठन हुन नसकेमा सिकाइ निरन्तरताका लागि अतिरिक्त सिकाइ, उपचारात्मक कक्षाका लागि अभ्यास कक्षा सञ्चालन, विपद्को समयमा सिकाइ निरन्तरताका लागि अस्थायी सिकाइ सहजीकरण केन्द्र, गृह विद्यालय सञ्चालन तथा घरदैलो कार्यक्रम सञ्चालन गर्नुपर्नेमा सो नगरेको, प्रविधिमा पहुँच नपुगेका वर्गलाई लक्षीत गरी विषयगत शिक्षकको रोष्टर विकास गरी केन्द्रबाट विकास भएका तथा वैकल्पिक सिकाइका लागि स्वीकृत अध्ययन सामग्रीसमेतलाई आधार मानी स्थानीय तहबाट थप सिकाइ सामग्री विकास तथा छपाइ र बितरण गर्नुपर्नेमा आर्थिक वर्षको अन्त्यमा प्रकाशन गृहबाट सिधै पुस्तक खरिद गरी केही प्रति मात्र बितरण गरेको साथै विद्यालयले यस कार्यक्रम अन्तर्गत सञ्चालित

कार्यक्रमबाट के कति विद्यार्थीहरु लाभान्वित भए सोको विवरण IEMIS को Online portol मा अपलोड समेत नगरेको र सोको अनुगमन स्थानीय तहले गर्नुपर्नेमा सो समेत नगरेकोले यस कार्यक्रम कार्यान्वयन पुस्तिकाले राखेको उद्देश्य प्रभावकारी रुपमा पुरा भयो भन्ने औचित्य पुष्टि हुन नसक्ने देखिन्छ ।

६५ **अर्धवार्षिक समीक्षा तथा कोहर्ट विश्लेषण कार्यक्रम** - स्वास्थ्य सेवा विभागले तयार गरेको स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९।८० अनुसार क्षयरोग कार्यक्रम अन्तर्गतको क्रियाकलाप नं.१.२ को क्षयरोग कार्यक्रमको अर्धवार्षिक समीक्षा तथा कोहर्ट विश्लेषण कार्यक्रम सञ्चालन गर्दा स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाबाट क्षयरोग फोकल पर्सन, प्रयोगशालाकर्मीस्थालाई सहभागी गराउनुपर्ने र सहजकर्ताको रुपमा स्वास्थ्य शाखा प्रमुख, क्षयरोग फोकल पर्सन, जिल्ला स्वास्थ्य कार्यालयका क्षयरोग सम्पर्क व्यक्ति/तथ्याङ्क अधिकृत लगायतका स्वास्थ्यकर्मीको सहजिकरणमा सञ्चालन गर्नुपर्ने र कार्यक्रममा सहभागी स्वास्थ्यकर्मीहरुलाई सोही मार्गदर्शनको अनुसूची -१ बमोजिमको सहभागी तथा सहजकर्ता भत्ता, मसलन्द तथा खाजा उपलब्ध गराउने व्यवस्था छ । पालिकाले २०७९।४।३१ मा गाउँपालिका कार्यालयमा क्षयरोग कार्यक्रमको अर्धवार्षिक कोहर्ट विश्लेषण कार्यक्रम सञ्चालन गर्दा स्वास्थ्यकर्मी बाहेक अन्य निम्न व्यक्तिहरुलाई सहभागी गराई सहभागी भत्ता उपलब्ध गराएकोले कार्यक्रम सञ्चालन मार्गदर्शनले तोकेको भन्दा बाहेक निम्न व्यक्तिहरुलाई उपलब्ध गराएको सहभागी भत्ता असूल गरी दाखिला गर्नुपर्ने, रू.

क्र.सं.	**नाम पद**	**रकम**
१	वडा नं १ अध्यक्ष	७००।-
२	वडा नं ३ अध्यक्ष	७००।-
३	वडा नं ५ अध्यक्ष	७००।-
४	वडा नं ६ अध्यक्ष	७००।-
५	वडा नं ८ अध्यक्ष	७००।-
६	देवीलाल सापकोटा - प्रमुख प्रशासकीय अधिकृत	७००।-
७	पोषण संयोजक	७००।-
	जम्मा	**४९००।-**

असुल गर्नुपर्ने	४,९००

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१२ को निर्णयबाट रू.७००/-मात्र सम्परीक्षण गरिएको ।)

६६ **नाक, कान, घाँटी तथा मुख अभिमुखीकरण कार्यक्रम** - स्वास्थ्य सेवा विभागले तयार गरेको स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९।८० अनुसारको उपचारात्मक सेवा कार्यक्रम अन्तर्गतको क्रियाकलाप नं.३ आँखा, नाक, कान, घाँटी तथा मुख अभिमुखीकरण सञ्चालनको लागि सहभागी छनौट गर्दा उपचारमा संलग्न स्वास्थ्यकर्मीलाई छनौट गरी स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका तथा शिक्षकलाई छुट्टाछुट्टै अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेमा ज.स्वा.नि. चेतन घिमिरेले कार्यक्रम सञ्चालन मार्गदर्शनले तोकेको भन्दा फरक गरी स्वास्थ्यकर्मी, म.स्वा.स्वयं.से. तथा शिक्षकहरुलाई

छुट्टाछुट्टै अभिमुखीकरण नगरी एकै दिन एउटै कार्यक्रम २०८०।३।९ मा बलेफीमा गरेको साथै कार्यक्रमले तोकेका व्यक्ति भन्दा फरक व्यक्ति सहभागी गराई सहभागी तथा यातायात भत्ता उपलब्ध गराई पेश्की फछ्र्यौट गरेकोले कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम सञ्चालन मार्गदर्शनले तोके अनुसार सञ्चालन गर्नुपर्नाका साथै तोकेको भन्दा अन्य निम्न व्यक्तिहरुलाई उपलब्ध गराएको सहभागी भत्ता तथा यातायात भत्ता असूल गरी दाखिला गर्नुपर्ने, रू.

क्र.सं.	नाम पद	सहभागी तथा यातायात/दै.भ्र. भत्ता रकम	
१	प्रमुख प्रशासकीय अधिकृत सल बहादुर पाण्डे	१२००	
२	आइ.टी.अधिकृत माधव अधिकारी	९००	
३	क.अ. धिरज राउत	९००	
४	स.क.अ. तिलक वि.क.	३१००	
	जम्मा	**६१००**	
		असुल गर्नुपर्ने	६,१००

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१२ को निर्णयबाट रू.३३००/-मात्र सम्परीक्षण गरिएको ।)

६७ **आइएमएनसिआइ समीक्षा कार्यक्रम** - स्वास्थ्य सेवा विभागले तयार गरेको स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९।८० अनुसारको आइएमएनसिआइ समीक्षा कार्यक्रम अन्तर्गतको क्रियाकलाप नं.१.१ को समीक्षा कार्यक्रम सञ्चालन गर्दा स्वास्थ्य कार्यालय तथा स्थानीय स्तरमा अवस्थित स्वास्थ्य संस्थाहरुका प्रमुख तथा प्रतिनिधिलाई सहभागी गराई गर्नेपर्नेमा सि.अ.हे.ब. सुरेश शाहले सो समीक्षा कार्यक्रम २०७९।९।२९ मा गाउँपालिकाको कार्यालयमा सञ्चालन गरी कार्यक्रम सञ्चालन मार्गदर्शनले तोकेको भन्दा बाहेक व्यक्तिहरुलाई सहभागी गराई सहभागी भत्ता तथा यातायात खर्च समेत भुक्तानी गरेकोले कार्यक्रम सञ्चालन मार्गदर्शनले तोकेको भन्दा बाहेक निम्न व्यक्तिहरुलाई उपलब्ध गराएको सहभागी तथा यातायात भत्ताअसुल गरी दाखिला गर्नुपर्ने, रू.

क्र.सं.	नाम पद	भुक्तानी भएको सहभागी तथा यातायात भत्ता
१	प्र.प्र.अ.	७००
२	वडा नं २ अध्यक्ष	९००
३	वडा सदस्य लक्ष्मी लामिछाने	९००
४	वडा अध्यक्ष तेज बहादुर पराजुली	७००
	जम्मा	३२००

असुल गर्नुपर्ने	३,२००

.... *(प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१२ को निर्णयबाट रू.२१००/-मात्र सम्परीक्षण गरिएको ।)*

६८ **आइएमएनसिआइ अनसाइट कोचिङ्** - स्वास्थ्य सेवा विभागले तयार गरेको स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९।८० अनुसारको आइएमएनसिआइ समीक्षा कार्यक्रम अन्तर्गतको क्रियाकलाप नं.१.२ को आइएमएनसिआइ कोचिङ्ग कार्यक्रम सञ्चालन गर्दा सेवाको सूचांकहरु कमजोर रहेको स्वास्थ्य संस्थाहरुमा आइएमएनसिआइ कोचिङ्ग कार्यक्रम सञ्चालन गर्नुपर्ने कोचिङ्गमा जाँदा तालिम प्राप्त कोच र स्थानीय तहको स्वास्थ्य शाखाबाट जाने व्यक्तिलाई नियमानुसार भत्ता उपलब्ध गराउने व्यवस्था छ । ज.स्वा.नि. चेतन घिमिरले विभिन्न मितिमा निम्न स्वास्थ्य संस्थाहरुमा आइएमएनसिआइ कोचिङ्ग कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम सञ्चालन मार्गदर्शनले तोकेको भन्दा बाहेक व्यक्ति तथा कार्यक्रम सञ्चालन भएको स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई सहभागी भत्ता तथा अन्यलाई दैनिक भ्रमण भत्ता, सहभागी तथा यातायात भत्ता र अनुगमन भत्ता भुक्तानी गरेकोले कार्यक्रम सञ्चालन मार्गदर्शनले तोकेको भन्दा बाहेक व्यक्तिहरुलाई उपलब्ध गराएको दैनिक भ्रमण भत्ता, अनुगमन भत्ता, सहभागी तथा यातायात भत्ता असूल गरी दाखिला गर्नुपर्ने, रू.

क्र.सं.	स्वास्थ्य चौकी	कार्यक्रम मिति	तोकेको भन्दा फरक व्यक्तिको संख्या	तोकेको भन्दा फरक व्यक्तिलाई भुक्तानी भएको भत्ता
१	प्राथमिक स्वास्थ्य केन्द्र जलबीरे	२०८०।२।३०	१६	११२००
२	फुल्पिङ्गकोट स्वास्थ्य चौकी	२०८०।२।३२	५	३५००
३	मांखा स्वास्थ्य चौकी	२०८०।३।३	५	३५००
४	फुल्पिङडाँडा स्वास्थ्य चौकी	२०८०।३।५	५	३५००
५	क.अ. धिरज राउत	दै.तथा भ्रमण भत्ता भुक्तानी २०८०।२।२९- ३।६		९६००
		जम्मा		**३१३००**

असुल गर्नुपर्ने	३१,३००

.... *(प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रू.४६,४००/-मात्र सम्परीक्षण गरिएको ।)*

६९ **परिवार नियोजन, किशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रम —**

.... *(प्रारम्भिक प्रतिवेदन उपर गाउँसभाबाट नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट रु.२,१२,३००/- सम्परीक्षण गरिएको ।)*

७० **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ

। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । ।पालिकाले यस वर्ष रु.२२,८५,०००/- को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

७१ **भेन्डिङ मेसिन** - शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.७.१३.२३ ले सामुदायिक विद्यालयलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदानको रकम सेनिटरी प्याड खरिद गरी सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुलाई निःशुल्क बितरणको लागि प्रयोग गर्नुपर्ने व्यवस्था छ । पालिकाले सेनेटरी प्याड भेन्डिङ मेसिन ४ थान खरिद गरेको तर सो भेन्डिङ मेसिन विद्यालयलाई हस्तान्तरण गरेको प्रमाण समेत पेश नगरेकोले कार्यान्वयन पुस्तिकाले तोकेको कार्य भन्दा फरक कार्यमा भएको खर्चलाई नियमसम्मत मान्न नसकिने, रू.

गो भौ नं	**आपूर्तिकर्ताको नाम**	**विवरण**	**बिजक नं**	**रकम**
८८/२०८०।१।२५	मेडिजोन मेडिसिन कन्सर्न, काठमाण्डौ	सेनिटरी प्याड भेन्डिङ मेसिन ४ थान	१२४/ २०८०।१।१०	२३०५२०

अनियमित भएको	२,३०,५२०

७२ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १२४२ जना रहेका छन। पालिकाले ९००० थान स्यानिटरी प्याड रु. १०,१७,९७०/- (मु अ कर समेत)मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

७३ **पोषण कार्यक्रम** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले १०० प्रतिशत अनुदानमा घाँसको बिउ बितरण गर्नको लागि सांग्रिला एग्रो भेट इम्पेक्स् काभ्रेबाट २०७९।७।२१ मा रु.९५।- का दरले २१०५ के.जी. जै घाँसको बिउ खरिद गरेको बिजक राखी रु.१९९९७५।- भुक्तानी गरी खर्च लेखेकोमा पालिकाले सो बिउ वडा कार्यालयहरुमा बितरणको लागि पठाएको भन्ने जवाफ दिएको छ । वडा कार्यालयहरुले बुझिलिएको नदेखिएको साथै वडा कार्यालयहरुले सम्बन्धित कृषकलाई सो बिउ बितरण गरेको भरपाई समेत पेस नभएकोले वडा कार्यालयले के-कति दरले बुझिलिई के-कति परिमाण कृषकलाई बितरण गरे र बाँकी बिउको अवस्था के-कस्तो अवस्थाछ सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने, रू.

प्रमाण पेश नगरेको	१,९९,९७५

७४ **न्यानो झोला कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ४ बर्थिङ सेन्टरमा गत वर्ष १०० थानको रु.९००००।०० र यस वर्ष २०० थान को रु.१८२४०२।०० खरिद गरेकोमा गत वर्ष १०० जना र यस वर्ष २२ जना गरी १२२ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका १७८ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

७५ **प्राविधिक ग्रेड भुक्तानी** - नेपाल सरकार मन्त्रीपरिषद्को २०७९।४।२६ को निर्णय अनुसार २०७९ साउन १ गतेदेखि लागू हुने गरी अर्थ मन्त्रालयले जारी गरेको स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको नयाँ तलबमान सम्बन्धमा अनुसूची ५ अनुसार तलबमान र ग्रेड निर्धारण गरी गरेको नयाँ तलबमान तथा सुबिधामा स्वास्थ्य सेवामा कार्यरत कर्मचारीले कुनै पनि प्राविधिक ग्रेड नपाउने व्यवस्था छ । पालिकाले स्वास्थ्य सेवाका निम्न कर्मचारीलाई नयाँ तलबमान तथा सुबिधा बाहेक प्राविधिक ग्रेड समेत थप गरी भुक्तानी गरेकोले भुक्तानी भएको प्राविधिक ग्रेड असूल गरी दाखिल गर्नुपर्ने, रू.

शिक्षकको नाम	तह	भुक्तानी भएको प्राविधिक ग्रेड २ ग्रेड	प्राविधिक ग्रेड वार्षिक	असूल हुनुपर्ने (क.स. कोष थप सहित)
सुरेश शाह	सि.अ.हे.ब.छैठौं	२९१२	३७८५६	४१३५०.४०
अरुण कुमार यादव	सि.अ.हे.ब.छैठौं	२९१२	३७८५६	४१३५०.४०
राधेश्याम कक्षपति	सि.अ.हे.ब.पाँचौं	२३१६	३०१०८	३२८८७.२०
चन्द्रावती थापा	सि.अ.न.मी.पाँचौं	२३१६	२७७९२	३०३३९.६०
सीतादेवी न्यौपाने	अ.न.मी.पाँचौं	२३१६	२५४७६	२७७९२
	जम्मा			**१,७३,७१९/६०**

असुल गर्नुपर्ने	१,७३,७१९.६

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रू.४१,३५०/४० मात्र सम्परीक्षण गरिएको ।)

७६ **प्राविधिक ग्रेड भुक्तानी** - नेपाल सरकार मन्त्रीपरिषद्को २०७९।४।२६ को निर्णय अनुसार २०७९ साउन १ गतेदेखि लागू हुने गरी अर्थ मन्त्रालयले जारी गरेको सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको नयाँ तलबमान सम्बन्धमा अनुसूची

७ अनुसार तलबमान र ग्रेड निर्धारण गरी गरेको नयाँ तलबमान तथा सुबिधामा सामुदायिक विद्यालयमा कार्यरत शिक्षकले कुनै पनि प्राविधिक ग्रेड नपाउने व्यवस्था छ । पालिकाले निम्न शिक्षकलाई नयाँ तलबमान तथा सुबिधा बाहेक प्राविधिक ग्रेड समेत थप गरी भुक्तानी गरेकोले भुक्तानी भएको प्राविधिक ग्रेड असूल गरी दाखिला गर्नुपर्ने, रू.

शिक्षकको नाम	श्रेणी	विद्यालय	भुक्तानी भएको प्राविधिक ग्रेड २ ग्रेड	प्राविधिक ग्रेड वार्षिक	असूल हुनुपर्ने (क.स. कोष थप सहित)
मुक्तिनाथ नेपाल	प्रा.वि. द्वितीय	बलेफी मा.वि.	२३१६	३०१०८	३२८८७.२०
गंगा प्रसाद पौडेल	नि.मा.वि. द्वितीय	जालपादेवी मा.वि.	२९१२	३७८५६	४१३५०.४०
		जम्मा			**७४,२३७/६०**

असुल गर्नुपर्ने	७४,२३७.६

.... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१२ को निर्णयबाट रू.३२,८८७/२० मात्र सम्परीक्षण गरिएको ।)***

७७ **कुकुर बन्ध्याकरण कार्यक्रम** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) अनुसार गाउँपालिकाले योजना बनाउँदा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाहरुकव सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने, स्थानीय श्रोत साधन र सीपको अभिकतम प्रयोग हुने तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनालाई प्राथमिकता दिई त्यस किसिमका योजनामा बजेट विनियोजन गरी त्यस्ता किसिमका योजना समयमै सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । पालिकाले अध्ययन अनुसन्धान बेगर नै पालिकामा रहेका कुकुरको अभिलेख यकिन नै नगरी कुकुर बन्ध्याकरण तथा एन्टी रेविज कार्यक्रम जस्ता प्रतिफल दिन नसक्ने योजनामा बजेट विनियोजन गरी फोर केयर एनिमल ट्रिटमेन्ट सेन्टर काठमाण्डौंसँग सम्झौता गरी २०७९।११।२१ र २२ गते बलेफी कभर्ड हलमा सञ्चालन गरी बलेफी कभर्ड हलमा कुकुर बन्ध्याकरण कार्यक्रम सञ्चालन गरेको छ । बन्ध्याकरण कार्यका लागि वडा वडा बाट कुकुर समातेर ल्याई १०० कुकुरलाई बन्ध्याकरण गरी प्रति बन्ध्याकरण रु.३०००।- का दरले सो फर्मलाई रु.३०००००।- भुक्तानी गरेको छ । पालिकाले सो कार्यक्रम सञ्चालन भईसकेपछि त्यस्को प्रभाव कस्तो रह्यो सोको अध्ययन समेत गरेको नदेखिएकोले त्यसको प्रतिफल आंकलन गर्न सक्ने अवस्था देखिदैन । पालिकाले योजना बनाई रकम खर्च गर्दा उच्च प्रतिफल दिने कार्यक्रम मितव्ययी तरिकाले सञ्चालन गर्नेपर्ने देखिन्छ ।

७८ **ननफाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका फर्मलाई मू.अ.कर भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि निम्न फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।

गो.भौ.नं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	विजक नं।मिति	नन्फाइलर रहेको मिति	भुक्तानी रकम	मूअकर कर रकम	७० प्रतिशत मु अ कर
४१।२०८०-०३-२४	प्रशंसा निर्माण सेवा	६०८११६३७६	०५।२०८०-०३-२२	२०७९ आघ	२०५०३९०	२६६५५०	१८६५८५
४२।२०८०-०३-२४	प्रशंसा निर्माण सेवा	६०८११६३७६	२०८०-०३-२२	२०७९ आघ	२९५८९२३	३८४६६०	२६९२६२
						जम्मा	४५५८४७

७९ **राजश्वको रकम धरौटीमा जम्मा गरेको** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो भौ नं १६-२०८०/३/२४ बाट बोलपत्र बिक्रि वापतको रू.३७,०००/- राजस्व दाखिला हुनुपर्नेमा धरौटी खातामा जम्मा गरेको हुनाले सदर स्याहा गरेको प्रमाण पेश हुनुपर्ने, रू.

प्रमाण पेश नगरेको	३७,०००

८० **लाभग्राहीको अंश पालिकाको खातामा जम्मा नगरेको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले ७५ प्रतिशत अनुदानमा प्याजको बिउ बितरणका लागि सांग्रिला एग्रोभेट इम्पेक्स काभ्रेबाट १७ के.जी. प्याजको बिउ रु.५६००।- का दरले गरी रु.९५२००।- खरिद गरी १४ कृषकलाई बितरण गरेको भरपाई पेश भएकोमा लाभग्राहीले बेहोर्ने २५ प्रतिशत रु.२३८००।- पालिकाको खातामा दाखिला भएको नदेखिएकोले लाभग्राहीले बेहोर्ने अंश पालिकाको खातामा दाखिला गर्नुपर्ने, रू.

असुल गर्नुपर्ने	२३,८००

८१ **बिद्यालय अनुदान** - बलेफी गाउँपालिकाको आधारभुत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ (दोस्रो संशोधन) को दफा ३७(क) मा नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थयी शिक्षक नियुक्ति हुन नसकि तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा वा राहत अनुदान कोटा वा सट्टा शिक्षक पदमा करार नियुक्ति गर्नुपर्ने भएमा दरबन्दी तथा अनुदान कोटा रिक्त रहेको व्यहोरा पालिकाबाट प्रमाणित गराएर मात्र नियुक्तिको प्रकृया अगाडि बढाउनुपर्ने उल्लेख छ । कार्यविधिमा स्वीकृत दरबन्दी भन्दा बाहिर शिक्षक वा कर्मचारी नियुक्ति गर्ने सम्बन्धमा व्यवस्था गरेको देखिंदैंन । पालिकाले हालसम्म आफ्नो गाउँपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा व्यवस्थापन सर्भेक्षण गरी शिक्षक दरबन्दी निर्धारण/मिलान गर्ने कार्य गरेको छैन । पालिकाले यो वर्ष विद्यालय शिक्षकको स्वीकृत दरबन्दी भित्र पर्ने बाहेक विद्यार्थीको चाप समेतलाई विचार गरेर करारमा नियुक्ती गरीएका थप शिक्षक (निजी स्रोत) तथा बालविकास सहजकर्ताहरूको तलबभत्ताको लागि पालिका अन्तर्गतका विभिन्न विद्यालयलाई चालु खर्च शीर्षकबाट

रू.४२,२५,०००/-अनुदान उपलब्ध गराएको देखियो । जुन कार्यविधिमा उल्लेखित व्यवस्था विपरीत देखिन्छ । पालिकाले विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको दरबन्दी निर्धारण/मिलान गरेर मात्र शिक्षक पदपूर्ति गर्ने तथा विद्यालयको आफ्नो स्रोतबाट त्यस्तो शिक्षकको तलब भत्तामा खर्च गर्नेतर्फ जोड दिई पालिका माथिको निर्भरता क्रमशः घटाउदै लैजानुपर्दछ ।

८२ **पुस्तकालय स्थापना अनुदान** - शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.७.१३.१३ अन्तर्गतको उपक्रियाकलाप विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापनको लागि छनौट भएका विद्यालयलाई प्रति विद्यालय एकमुष्ठ ६ ला ५० हजारको दरले अनुदान दिने, उक्त अनुदानबाट विद्यालयले लाईब्रेरीका लागि आवश्यक फर्निचरहरु जस्तैः पुस्तक र्‍याक, कुर्सी टेबुल लगायतका सामग्रीहरु व्यवस्था गर्न कुल बजेटको २५ प्रतिशत सम्म बजेट खर्च गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले निम्न २ विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापनको लागि छनौट गरी अनुदान उपलब्ध गराएकोमा ती विद्यालयहरुले लाईब्रेरी स्थापना गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको भन्दा बढी हुने गरी फर्निचर खरिद गरी अनुदान खर्च गरेको देखिएकोले कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको भन्दा बढी फर्निचर खरिद गर्ने कार्यलाई नियमसम्मत मान्न नसकिएको, रू.

लाईब्रेरी स्थापना भएको विद्यालयको नाम	अनुदान रकम	फर्निचर खरिदमा भएको खर्च	कार्यान्वयन पुस्तिका अनुसार गर्नुपर्ने फर्निचर खरिद (२५प्रतिशत)	तोकेको भन्दा बढी फर्निचर खरिद
जालपादेवी मा.वि.	६५००००।-	२५११११०	१६२५००।-	८८६१०
आनन्द मा.वि.	६५००००।-	३६५५००	१६२५००।-	२०३०००
जम्मा				**२९१६१०**

अनियमित भएको	२,९१,६१०

८३ **पाठ्यपुस्तक अनुदान** - शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धी व्यवस्थामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत तथा विषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी पाठ्यपुस्तक अनुदान दिनुपर्ने साथै यसरी अनुदान दिंदा पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र बितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था गर्नुपर्ने र जिल्ला तथा स्थानीय तहले पाठ्यपुस्तक अनुदानबाट पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई बितरण गरे नगरेको अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विद्यालयहरुलाई पाठ्यपुस्तकको पहिलो पटक निकासा दिंदा २०७९ को IEMIS को विवरण अनुसार ७५ प्रतिशत निकासा दिएको र विद्यालयहरुले पुस्तक खरिदको बिल पेश गरेको आधारमा पहिले लगेको निकासा रकम भन्दा पाठ्यपुस्तक खरिदको बिल बढी पेश गरेमा नपुग रकम भुक्तानी दिएको छ । पाठ्यपुस्तकको लागि

लगेको निकासा रकम भन्दा कमको पाठ्यपुस्तक खरिदको बिल पेश गर्ने विद्यालयहरुले समेत बढी भएको निकासा फिर्ता गरेको अवस्था छैन । विद्यालयहरुले खरिद गरेका पाठ्यपुस्तक बितरण भए भएनन् सो को भरपाई पालिकामा पेश नगरेको र स्थानीय तहले पनि विद्यालयहरुले अनुदानबाट खरिद गरेका पाठ्यपुस्तक विद्यार्थीलाई बितरण गरे नगरेको अनुगमन गरेको देखिँदैन । विद्यालयहरुले यस वर्ष पाठ्यपुस्तकको लागि लगेको निकासा शैक्षिक सत्र २०८० मा नयाँ भर्ना हुने विद्यार्थीहरुका लागि भएको र २०८० मा भर्ना भएका विद्यार्थीहरुको संख्या २०८० को IEMIS प्रतिवेदनले दिने गर्दछ । २०८० को IEMIS प्रतिवेदन अनुसारको विद्यार्थीको संख्याका आधारमा भएको पुस्तक खरिद तथा बितरणलाई आधार मानी हुनुपर्ने निकासा र विद्यालयहरुले पाठ्यपुस्तकको लागि लगेको निकासा रकममा निम्नानुसारको फरक देखिएकोले फरक परेको रकम असूल गर्नुपर्ने, रू.

क्र.सं.	विद्यालयको नाम	निकासा भएको रकम	२०८० को IEMIS अनुसार निकासा हुनुपर्ने रकम	बढी निकासा
१	आनन्द मा वि	२१८४०७	२००७०२.६०	१७७०४.४०
२	सेतीदेवी मा वि	१३४०७७	१३०७९०.८०	३२८६.२०
३	कूपकन्या मा वि	१४१३३४	११९९११.१०	२१४२२.१०
४	बलेफी मा वि	१३४८६०	११६०४३.४०	१८८१६.६०
५	लक्ष्मी देवी मा वि	८७०१५	८२७०५.९०	४३०९.१०
६	सरस्वती मा वि	१३१४००	१२००८७.८०	११३१२.२०
७	जालपादेवी मा वि	११३४९९	१०८४०६.७०	५०९२.३०
८	फुल्पिङ्कोट मा वि	१०८५५५	६३७५५.००	४४८००.००
९	भिमसेन मा वि	१०११९४	९१५३६.२०	९६५७.२०
१०	वनकाली आ वि	६२३०७	५२९३७.१०	९३६९.९०
११	जनसेवा आ वि	४०८३३	३१७५९.९०	९०७३.१०
१२	विञ्याल आ वि	३८६२८	२१८२७.२०	१६८००.८०
१३	सात कन्या आ वि	६८३८१	३०५६२.४०	३७८१८.६०
	जम्मा			२०९४६२.५०

असुल गर्नुपर्ने	२,०९,४६२.५

८४ **क्षमता विकास तालिम कार्यक्रम -**

८४.१ पालिकाले भौ.नं.७७६-२०८०/१/२४ बाट ४ दिने बालमैत्री सहजकर्ता र वडा सम्पर्क व्यक्तिको क्षमता विकास तालिम २०७९/११/२३ देखि २६ सम्म पालिकामा सञ्चालन गरेबापत शि.अ. सलबहादुर पाण्डेको नामको रू.३,५०,०००/- पेश्की फछ्र्यौट समेत रू.३,९५,६९५/-भुक्तानी गरेकोमा सो सम्बन्धमा देखिएका व्यहोराहरू देहाय अनुसार रहेका छनः

८४.२ भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(६)(क) मा पदाधिकारी वा कर्मचारीलाई सात दिन भन्दा बढी अबधिको लागि काज खटाउनुपर्ने भएमा भ्रमण आदेश गर्ने पदाधिकारीले कारण खोली काजमा खटाउन सक्ने उल्लेख छ । प्रमुख प्रशासकिय अधिकृतले क्षमता विकास तालिमको लागि प्रशिक्षकको रूपमा सहजकर्ता विष्णु प्रसाद चौवेलाई २०७९/११/१६ देखि २८ सम्म १३ दिनको भ्रमण आदेश २०७९/११/१५ मा स्वीकृत गरेकोमा सात दिनभन्दा बढी अवधिको भ्रमण आदेश स्वीकृत गर्नुको कारण उल्लेख गरेको देखिएन । तालिम कार्यक्रम २०७९/११/२३ देखि २६ सम्म ४ दिन सञ्चालन भएकोमा सहजकर्तालाई १३ दिनको भ्रमण आदेश स्वीकृत गर्नु औचित्यपूर्ण देखिंदैन । अतः निजलाई कपिलवस्तुबाट पालिकासम्म आतेजाते तथा तालिम सञ्चालन अबधिसमेत ८ दिनको भ्रमण खर्च स्वीकृत गरी बाँकी ५ दिन बढीको दैनिक रू.१६००/-दरले रू.८०००/-निजबाट असुल गर्नुपर्ने, रू.

असुल गर्नुपर्ने	८,०००

८४.३ भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि भ्रमण प्रतिवेदन साथ खर्चको बिल भरपाई पेश गर्नुपर्ने उल्लेख छ । सहजकर्ता विष्णु प्रसाद चौवेले कपिलवस्तुबाट काठमाण्डौ तथा काठमाण्डौबाट कपिलवस्तु गाडीभाडा बापत रू.५,३००/-दरले आते जाते रू.१०,६००/-भुक्तानी लिएकोमा सोको बिल पेश गरेको छैन । अतः यातायात खर्च बापत आतेजाते भुक्तानी लिएको रकमको सक्कल बिल पेश गर्नुपर्दछ, अन्यथा सरकारी दरले बसभाडा रकम हिसाब गरी बाँकी रकम असुल गर्नुपर्ने, रू.

प्रमाण पेश नगरेको	१०,६००

८४.४ पालिकाले सहजकर्ता आवासको लागि कोठा उपलब्ध गराए वापत न्यू कर्ण भोजनालयलाई २ कोठा ८ दिनको रू.१६,०००/-बिल बमोजिम भुक्तानी गरेकोमा पुनः सहजकर्ता विष्णु प्रसाद चौवेलाई आवास खर्च भनि २ कोठा ८ दिनको रू.१६,०००/-भरपाई गरी भुक्तानी गरेको देखिएकोले आवास खर्चमा दोहोरो खर्च लेखेको रू.१६,०००/-विष्णु प्रसाद चौवेबाट असुल गर्नुपर्ने, रू.

असुल गर्नुपर्ने	१६,०००

८४.५ पालिकाले सहजकर्ता विष्णु प्रसाद चौवेलाई दैनिक तथा भ्रमण खर्च, खाना, खाजा खर्च, होटल बास खर्च, प्रशिक्षण भत्ता लगायत विभिन्न शिर्षकमा भुक्तानी गरेकोमा पुनः वैठक भत्ता भनि रू.६,८००/-भुक्तानी गरेको देखिएकोले भत्ता माथि भत्ता दोहोरो भत्ता उपलब्ध गराएको रू.६,८००/-निजबाट असुल गरी दाखिला गर्नुपर्ने, रू.

असुल गर्नुपर्ने	६,८००

८४.६ अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा ७.१.१५ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति/प्रशिक्षकले अधिकृतस्तरको तालिममा कार्यपत्र बापत रू.१२००/-तथा कक्षा

सञ्चालन बापत रू.८००/-समेत प्रति सेसन रू.२,०००/-पारीश्रमिक पाउने उल्लेख छ । पालिकाले सहजकर्ता विष्णु प्रसाद चौबेलाई ४ दिनको तालिममा १२ सेसन कक्षाको प्रशिक्षण वापत रू.३०००/-र कार्यपत्र बापत रू.१०००/-समेत रू.४०००/-दरले रू.४८,०००/-भुक्तानी गरेको देखिएकोले निर्देशिकामा भएको व्यवस्था विपरीत प्रति सेसन बढी भएको रू.२०००/-दरले १२ सेसनको रू.२४०००/-मा कर कट्टी पछिको बाँकी रू.२०,४००/-निजबाट असुल गरी दाखिला गर्नुपर्ने, रू.

असुल गर्नुपर्ने	२०,४००

८५ **सामाजिक सुरक्षा भत्ता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले २ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रकममध्ये रू.७,५७,७६४/५१ बैङ्कमा बाँकी रहेको देखिन्छ।सामाजिक सुरक्षा भत्ता वितरण गरेर बाँकी रहेको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने, रू.

प्रमाण पेश नगरेको	७,५७,७६४.५१

८६ **पशुतर्फ** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमयावली, २०७७ को नियम १३३ अनुसार प्रचलित कानूनमा व्यवस्था भई एक भन्दा बढी निकायको पदाधिकारी समावेश हुने समितिको बैठक बाहेक एकै निकायको पदाधिकारी समावेश हुने बैठक कार्यालय समय अघि वा पछि भएको भएता पनि त्यस्तो बैठकमा उपस्थित हुने सदस्यलाई बैठक भत्ता दिन नहुने व्यवस्था छ । स्थानीय तहमार्फत सञ्चालन हुने कृषि, पशुपन्छी तथा मत्स्यको संकलित तथ्याङ्कको प्रमाणीकरणका तथा अनुमोदनको लागि तथ्याङ्क व्यवस्थापन समितिको बैठक यसै कार्यालयका पदाधिकारी तथा कर्मचारीको उपस्थितिमा २०८०।३।१ र ३।१९ गरी २ दिन गरेकोमा नियमावलीको व्यवस्था विपरित एउटै निकायका पदाधिकारी उपस्थित भएको बैठकको निम्न व्यक्तिहरुलाई उपलब्ध गराएको भत्ता असूल गरी दाखिला गर्नुपर्ने, रू.

क्र.सं.	नाम पद	बैठकमा उपस्थित दिन	भुक्तानी भएको भत्ता
१	सल बहादुर पाण्डे	२	३०००
२	माधव अधिकारी	२	३०००
३	ज्ञानु तामाङ	२	३०००
४	धिरज राउत	१	१५००
५	नारायण न्यौपाने	२	३०००
६	सविन डोटेल	१	१५००
	जम्मा		**१५०००**

असुल गर्नुपर्ने	१५,०००

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२४ को निर्णयबाट रू.१९,५००/- मात्र सम्परीक्षण गरिएको ।)

८७ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष १२९ जनालाई औसत ९९.२३ दिनले १२,८०० दिन रोजगारी उपलव्ध गराई रु८२,९४,४००/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

८८ **वर्षान्तको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ मा आर्थिक वर्षको अन्त्य सम्ममा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेश्की दिन नमिल्ने व्यवस्था छ । पालिकाले संघीय सशर्त अनुदान शीर्षकबाट आर्थिक वर्षको अन्त्यमा निम्न कर्मचारीलाई पेश्की दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि कुनै काम भएको देखिएन । तसर्थ वर्षान्तमा फ्रिज गर्नुपर्ने उक्त रकम फ्रिज नगरी दिएको र लामो समयसम्म पनि खर्च गरेको नदेखिएकोले उक्त पेश्की रकम सम्बन्धित कर्मचारीबाट फिर्ता लिई सञ्चित कोष दाखिला गर्नुपर्ने, रू.

गो भौ र मिति	कर्मचारीको नाम	पेश्कीको विवरण	पेश्की रकम
१०६-२०८०।२।२९	बाबुकाजी रोक्का	सीप विकास तथा जनचेतना तालिम	३२६०००।००
१३८-२०८०।३।८	फुवा छिरिङ तामाङ	संचार र पहुँच अभियान संचालन	१२००००।००
७०२-२०८०।३।८	फुवा छिरिङ तामाङ	युवा स्वरोजगार कार्यक्रम	२५००००।००
७०२-२०८०।३।३१	सुरेश साह सुडी	कार्यक्रम खर्च	३७००००।००
		जम्मा	**१०६६०००।००**
		असुल गर्नुपर्ने	१०,६६,०००

८९ **मेड्पा कार्यक्रम -** कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७ को दफा ७.१.१५ ले सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तोकेको छ । यस मापदण्डले गाउँपालिकास्तरमा सञ्चालन हुने ३० कार्यदिन सम्म सञ्चालन हुने सीप विकास तालिम सञ्चालन गर्दा मुख्य प्रशिक्षकलाई प्रतिदिन रु.७००।- र ३० कार्यदिन भन्दा बढी अवधि सञ्चालन हुने सीप विकास तालिम सञ्चालन गर्दा मुख्य प्रशिक्षकलाई मासिक रु.१००००।- का दरले प्रशिक्षक भत्ता उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न स्थानमा सीप विकास तालिम सञ्चालन गर्दा निम्न

प्रशिक्षकलाई कार्यक्रम सञ्चालन निर्देशिकाले तोकेको दरभन्दा बढी दरमा प्रशिक्षक भत्ता उपलब्ध गराएकोले बढी भुक्तानी असूलगरी दाखिला गर्नुपर्ने, रू.

तालिमको नाम	स्थान	अवधि	प्रशिक्षक	भुक्तानी भएको प्रशिक्षक भत्ता	निर्देशिकाअनुसार भुक्तानी हुनुपर्ने भत्ता	बढी भुक्तानी
गलैंचा बुनाई तालिम	जलबीरे	२०७९।५।१ - ७।३०(२महिना)	भिममाया भुजेल	६५८०४	२००००	४५८०४
	फुल्पिङकोट	२०७९।५।१ - ७।३०(२महिना)		६५८०४	२००००	४५८०४
गलैंचा बुनाई तालिम	धुस्कोट	२०८०।२।२ -३।१ (१महिना)	भिममाया भुजेल	३००००	१००००	२००००
कुसन बुनाई तालिम	चिम्लिङबेसी	२०८०।१।१५ - २।३(२० दिन)	सीता सुन्दास	२००००	१४०००	६०००
					जम्मा	११७६०८

असुल गर्नुपर्ने	१,१७,६०८

९० **म्याद ननाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ बमोजिम समयमै पेश्की फछ्र्यौट गर्नुपर्दछ । पालिकाले आर्थिक वर्षको अन्तसम्ममा म्याद ननाघेको रु.२६१८०००।०० पेश्की फछ्र्यौट गर्न बाँकि देखिन्छ । सम्झौता अनुसार समयमै पेश्की फर्छ्यौट गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

पेश्कि लिएको गो भौ र मिति	पेश्कि लिनेको विवरण	पेश्की शिर्षक	म्याद ननाघेको पेश्की
८३-२०७९।१०।१८	प्रशंसा निर्माण सेवा	२ नं वडा कार्यालय निर्माण बहुवर्षिय	४१८०००।००
७९-२०७९।१०।१७	२ नं वडा कार्यालय निर्माण उपभोक्ता समिति	२ नं वडा कार्यालय निर्माण	२२०००००।००
		जम्मा	२६१८०००।००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : बलेफी गाउँपालिका, सिन्धुपाल्चोक ।

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	देवीलाल सापकोटा	२०७९-४-१	२०८०-२-१०

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	सल बहादुर पाण्डे	२०८०-२-११	२०८०-४-१६
कार्यालय प्रमुख	रेवन्त दहाल	२०८०-४-१७	हाल सम्म कार्यरत
लेखा प्रमुख	बालकृष्ण दाहाल	२०८०-४-३१	हाल सम्म कार्यरत
लेखा प्रमुख	केदार प्रसाद देवकोटा	२०६७-२-५	२०८०-४-८

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,७७३,५२५.३	४२,०४५,२२०	३,१३५,१९०.५१	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	४७,९५३,९३५.८१
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	३७,०१८,५००.६
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१०,९३५,४३५.२१

स्थानीय तह : बलेफी गाउँपालिका, सिन्धुपाल्चोक ।

	गत बर्षको जिम्मेवारी	६६७६८८२५.६	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३६३३५४९००	**चालु खर्च**	४०५४३९६३६.५
प्रदेश सरकारबाट अनुदान	६१८५२०००	**पूँजीगत खर्च**	२२९०८०९०२.५३
राजश्व बाँडफाँट	७९०५९४२९.४७	**वित्तीय/अन्य व्यवस्था**	३८१३५०६८.५७
आन्तरिक आय	७५६३९१०.५२		
अन्य आय	१७७८८६२४२.९५		
कुल आय	६८९७१६४८२.९४	**कुल खर्च**	६७२६५५६०७.६
	बाँकी मौज्दात	८३८२९७००.९४	